Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३५, २०७८ साल चैत्र २२ गते मंगलबार (Apr 5, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# स्थानीय निर्वाचनले परिवर्तन ल्याउँला ?

मोहन कार्की

नेपालमा स्थानीय निर्वाचन २०७९ बैशाख ३० गते हुदैछ । देशमा यस्ता निर्वाचनहरु संसारमा परिवर्तनको लागि अर्थात देशको हितमा प्रचुर काम गर्न सक्ने देशको योग्य, दक्ष, सक्षम अनुभवि नेतृत्व छान्नका लागि निर्वाचनहरु गर्ने गरेको अभ्यास रहेको छ ।

हाम्रो नेपालमा प्रजातन्त्रको अभ्यास २००७ सालवाट भएको भएपनि २०४७ सालवाट मात्र संवैधानिक रुपमा दलहरुले प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरेको थियो र पटक पटक संसदीय निर्वाचन भएर स्थानीय निर्वाचनहरु पनि गरेको थियो । तर २०५२ सालवाट भएको माओवादी जनयुद्धवाट देश प्रभावित भएपछि झण्डै १६ बर्ष पछाडी माओवादीलाई शान्ति प्रक्रियामा ल्यायर २०७२ सालमा नयाँ संविधान बनाई संविधानले उल्लेख गरेको संघियता सहितको स्थनीय निर्वाचन २०७४ सालमा सम्पन्न गर्न सफलन भएको थियो ।




त्यो २०७४ सालमा भएको स्थानीय निर्वाचनमा जनताले जनप्रतिनिधि चुन्ने अवसर पाएका थिए । जसमा राजनीतिक पार्टीहरुले आफ्ना नेता कार्यकर्ता प्रतिस्पर्धामा उतारेका थिए । जसमा एमाले पहिलो पार्टी बन्न सफल भएको थियो । नेपाली काँग्रेस दोस्रो र एकीकृत माओवादी तेस्रो भएको थियो । व्यवस्था नयाँ भएपनि जनप्रतिनिधि बन्ने अनुहारहरु भने २०५८ सालतिर गा.वि.स. अध्यक्ष बनेकाहरु नै अधिकाँस वडा अध्यक्ष पालिका अध्यक्ष र वाँकी तिनले नपुगेका पदमा पेटी ठेकेदार देखि क श्रेणीका ठेकेदारहरु नै देशभरीका स्थानीय निर्वाचनमा पार्टीहस्ले प्रतिस्पर्धामा उतरे तिनै मध्यले नेपालमा स्थानीय अधिकारहरु प्रयोग गरे २०५८ सालतिर एमाले, जनमोर्चा, माले, राप्रपा, काँग्रेस पार्टीवाट गा.वि.स अध्यक्ष बनेकाहरु पार्टी परिवर्तन गरेर माओवादीवाट कतिपयले स्थानीय चुनाव जिते भने नेपाली काँग्रेस, एमालेमा रहेकाहरु मध्यपनि तिनै विगतमा गा.वि.स अध्यक्ष भएकाहरु नै २०७४ सालको स्थीय निर्वाचनमा दोहोरिएका थिए । बाकी रहेका पदहरुमा पेटी ठेकेदार देखि क श्रेणीका ठेकेदारहरुले अवसर पाएका थिए ।

त्यसमध्ये २०७२ सालको संविधानले व्यवस्था गरेको ३३ प्रतिशत महिला, जनजाति,दलित कोटावाट वडा सदस्य कार्यपालिकामा

बाँकी ६ पृष्ठमा

# नेपाली दुतावासमा बुच्चे नक्सा राखिएको भन्दै एमाले नेता पोखरेलको आक्रोस

चितवन । नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको चुच्चे नक्सालाई बुच्चे बनाएर भारतप्रति भक्तिभाव देखाएको आरोप लगाएका छन् । प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा भारतको नयाँ दिल्लीस्थित नेपाली दुतावासमा बुच्चे नक्सा राखिएको भन्दै उनले प्रधानमन्त्रीको आलोचना गरेका हुन् ।



नेपालको संसदले सर्वसम्मत रुपले पारित भएको नेपालको चुच्चे नक्सालाई बुच्चे बनाइएको भन्दै उनले भने, 'स्वाभिमानी मुलुकको प्रधानमन्त्रीका हिसावले जसरी भ्रमणमा प्रस्तुत हुनुपर्थ्यो त्यो गर्न सक्नुभएन ।' प्रधानमन्त्री देउवाको भारत भ्रमण उपलब्धिविहीन भएको उनले बताए । प्रेस चौतारी नेपाल चितवन शाखाले आयोजना गरेको पत्रकार सम्मेलनमा पोखरेलले प्रधानमन्त्रीको भारत भ्रमणले केहि उपलब्धि हासिल नगरेको प्रतिक्रिया दिए । 'उहाँको भारत भ्रमणको उपलब्ध केही छुँदै छैन । बरु नेपालको जुन स्ट्रोङ पोजिसन थियो, त्यसलाई कमजोर बनाउने काम गर्नुभएको छ,' उनले भने । प्रधानमन्त्री देउवा पत्नी आरजु राणासँग गएर भारत घुमेर मात्रै आएको उनले बताए । राष्ट्रिय अडानलाई पनि प्रधानमन्त्री देउवाले प्रतिनिधित्व नगरेको उनले बताए । नेपाल र भारतको सहमतिमा गठन भएको इपिजी प्रतिवेदनको विषयमा मुख नखोलिएको उनले बताए । फरक प्रसंगमा उनले विचार र कामको आधारमा निर्वाचन हुने भएकाले पाँच गठबन्धन आए पनि एमाले एक्लै काफी हुने उनले दाबी गरे । 'हामीले गरेका काम र आगामी दिनमा

बाँकी ६ पृष्ठमा

# गठबन्धन गर्ने निर्णय जिल्लामै छ, केन्द्रले गर्दैन : डा. शेखर कोइराला

तनहुँ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले स्थानीय तहको निर्वाचनमा गठबन्धन गर्ने अधिकार जिल्लामा नै निहित रहेको बताएका छन् । नेपाली कांग्रेस तनहुँले आइतवार आयोजना गरेको भेटघाट कार्यक्रममा उनले स्थानीय आवश्यकता र औचित्यका आधारमा गठबन्धन गर्ने अधिकार दिइएको बताए ।



गठबन्धन गर्ने नाममा केन्द्रबाट हस्तक्षेप नगरिने बताउँदै उनले भने, 'कहाँ(कहाँ गठबन्धन गर्ने त्यो निर्णय जिल्लाले गर्छ । त्यो अधिकार केन्द्रमा राखिएको छैन, यो सही निर्णय भएको छ ।'

डा. कोइरालाले धेरैजसो जिल्लामा कांग्रेस एक्लै निर्वाचन लड्नुपर्छ भन्ने भावना आफूले पाएको उल्लेख गरे । तनहुँमा पनि केही ठाउँमा पुग्दा कांग्रेस एक्लै निर्वाचनमा जानुपर्ने कार्यकर्ताको भावना रहेको भन्दै उनले भने, 'जहाँ आवश्यक हुन्छ त्यहाँ गठबन्धन गरौं ।'


कोइरालाले विधानअनुसार गाउँ पालिकाको अध्यक्ष उपाध्यक्षको उम्मेदवार छनोट गर्ने अधिकार जिल्लामा भएकाले सोहीअनुसार अधिकार प्रयोग गर्न आग्रह गरे । 'सबै नामावली केन्द्रमा पठाउने होइन, विधानअनुसार चल्नुपर्छ,' उनले भने । केन्द्रीय सदस्य मधु आचार्यले जित्ने ठाउँमा तालमेल

बाँकी ६ पृष्ठमा

# स्थानीय तहको निर्वाचनमा सडकबाट स्वतन्त्र उम्मेद्रुवार अभियान

काठमाडौं । स्थानीय तहमा राजनीतिक दलहरु हुन नहुने भन्दै स्वतन्त्र अभियानले सडकबाट स्वतन्त्र उम्मेद्रुवार घोषणा अभियान सुरु गरेको छ । काठमाडौंका बानेश्वरको सडकमा कार्यक्रम गर्दै स्वतन्त्र उम्मेद्रुवार अभियान सुरु गरिएको हो । अभियानको घोषणा सभामा डा. विरेन्द्र झापालीले सबै पेशाकर्मीदेखि नागरिक समाजसम्म दलको भएकोले अब स्वतन्त्र मान्छे खोजिरहेको बताए । 'सबै पेशाकर्मी कुनै न कुनै पार्टीमा हुन्छन् तर हामीले स्वतन्त्र उम्मेद्रुवार खोजिरहेका छौं । पार्टीहरु खत्तम भनेर गाली गर्ने होइन अब देशको लागि प्रबुद्ध, बौद्धिक व्यक्तित्वहरु लाग्नुपर्छ,' उनले भने, 'हामी कुर्सीको लागि लड्ने होइन देशको विकासको लागि उम्मेद्रुवार घोषणा गरौं ।' उनले देश विकासका लागि देशभक्तहरुको ३ वटा पार्टी पर्याप्त हुने भन्दै १ सय ७७ पार्टी नचाहिने टिप्पणी गरे । डा.सुरेन्द्र भण्डारीले स्थानीय तहको चुनावमा राजनीतिक दलको कार्यकर्ता भएर चुनाव लड्दा समाज विभाजन भएको बताए । 'स्थानीय तहको चुनाव राजनीतिक दलकोतर्फबाट लड्ने दिनसम्म देशको विकास हुँदैन,' उनले भने, 'त्यसकारण स्वतन्त्र अभियान आएको हो । यो पनि एउटा क्रान्ति हो । दलको झण्डा होइन, राष्ट्रिय झण्डा बोकेर आउनुपर्छ ।' आफूलाई नागरिक अभियान्ता भन्न रुचाउने अधिवक्ता स्वागत नेपालले युवा नेताहरुलाई गाली गरेका छन् । स्वतन्त्र अभियानको वक्ताको रुपमा रहेका नेपालले भने 'मुलुक विगारेको कालै दाह्री भएका गगन थापा, योगेश भट्राईहरुले हो । स्थानीय तहको चुनावमा दलहरुलाई पाखा लगाउन, दल विहिन चुनाव बनाउन स्वतन्त्र अभियान सुरु भएको हो ।' उनले अहिलेको लोकतन्त्रमा मत हाल्नुको खासै अर्थ नभएको टिप्पणी समेत गरे । नेपालले भने 'राइट टु रिजेक्ट, राइट टु रिकल व्यवस्था नभएसम्म निर्वाचन भनेको आफ्नो पाकेटमार आफैं छान्नपाउने व्यवस्था हो । त्यसकारण मत हाल्नुको खासै अर्थ छैन ।' मधेसी युवा अभियान्ता गणेशकुमार मण्डलले स्थानीय तहलाई राजनीति मुक्त गर्नुपर्ने बताए । स्थानीय तहमा दलगत चुनाव हुँदा घरदेखि समाजसम्म असर पर्ने उनको तर्क थियो । 'नेपालका

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# प्रधानमन्त्रीको भारत भ्रमणले सन्देश राम्रो ल्याउन सकेन

नेपालका प्रधानमन्त्री शेर बहादुर देउवा चैत १८-२१ सम्म भारतको तीन दिने भ्रमण सकेर नेपाल फर्किसकेका छन् । प्रधानमन्त्रीको भारत भ्रमणमा गएर नेपाल र भारतवीचमा विवादको रुपमा रहेको नेपालको भारतले हडपेर राखेको कालापानी, लिपुलेख, लिम्पियाधुराको बिषयमा नेपालले नक्सा जारी गरिसकेको अवस्था छ । यो विषयमा भारतलाई कुटनैतिक तरवरवाट कुरा राखेर नेपालले उक्त भूमि फिर्ता गर्नुपर्ने महत्वपुर्ण काम नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुपर्ने असाध्यै अप्ठ्यारो तर सवैभन्दा जस पाउने र देशको पक्षमा हुने काम पाँचौ पटक प्रधानमन्त्री भइसकेका देउवाको काँधमा आएको थियो । उक्त काम प्रधानमन्त्री देउवाले गर्लान् भन्ने सबैले आशा गरेका थिए । नेपाली काँग्रेस भारतमा नै स्थापना भएको पार्टी अर्कोतर्फ प्रजातन्त्रिक सिद्धान्त विचार राख्ने नेपाली काँग्रेस जस्तै प्रजातान्त्रिक सिद्धान्त राख्ने भारतीय जनता पार्टीको नेतृत्वमा भारतीय सरकार रहेको बेला नेपालको भारतले हडपेको भूमि कुटनैतिक तरवारबाट नेपाललाई फिर्ता गराउन सक्ने आधार प्रधानमन्त्री भारत भ्रमणताका आँकलन गरिएको थियो । बाहिर सर्वाजानिक नभए पनि नेपाली जनताले देउवाको भ्रमणलाई निक्कै चासोपूर्वक हेरेका थिए र आशा पनि गरेका थिए ।

तर त्यस्तो कुनै प्रगति हुन सकेको देखिएन । नेपालमा सदनवाट समेत पारित गरेर नेपालको भूमि कालापानी, लिपुलेख, लिम्पियाधुराको भूमि समेटेर नयाँ नक्सा जारी भएको थियो । त्यो काम प्रधानमन्त्री देउवाको भ्रमणमा गर्न नसकेको, जनताले सोचेको परिणाम नआएको हुनाले प्रधानमन्त्रीको भारत भ्रमणले खासै देशका लागि राम्रो सन्देश ल्याउन सकेको देखिएन ।

अर्को नेपाल र भारत जोड्ने अन्तराष्ट्रियस्तरको नभए पनि अन्तराष्ट्रिय रेल सेवा नाम दिएको नेपालको जनकपुरवाट भारतको जयनगरसम्म चल्ने रेल नेपाल भारत दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा उद्घाटन गरेका थिय । उक्त रेल राणा साशन कालमा नै सञ्चालमा रहेको तर प्रजातन्त्र आएपछि बन्द भएको जनकपुर जयनगर रेलसेवा सञ्चालन गर्नु कुनै बहादुरी नभएको परराष्ट्र विज्ञहरुले नै बताई सकेका छन् ।

त्यसैले नेपालमा ५ पटक प्रधानमन्त्री भइसकेका देउवाको अनुभवको हिसाबले पनि अन्तराष्ट्रिय कुटनैतिक रुपमा सफल देउवा सफल हुनुपर्ने हो । तर त्यस्तो देखिदैन । चीनका परराष्ट्रमन्त्री आउदा पनि त्यति कुटनैतिक सफलता हात पार्न नसकेको देउवा नेतृत्वको सरकारले भारत भ्रमणबाट पनि कुनै आशा लाग्दा सन्देश ल्याउँन सकेन ।

नेपालको पुरानो प्रजातान्त्रिक विरासत बोकेको नेपाली काँग्रेस तर भारतमा स्थापना भएको पार्टीलाई जनताले जति विश्वास गरेका छन् । त्यो विश्वास भविष्यमा जनताले प्रश्न गर्ने ठाउँ प्रशस्त बन्दै गएको छ । त्यसकारण नेपाली काँग्रेसले त सरकारको नेतृत्व गरिरहेको हुनाले अहिले नै यो कमजोरीलाई हटाएर नयाँ थालनी गर्नुपर्ने देखिन्छ भने नेपालका सबै राजनीतिक पार्टीहरुले परराष्ट्र नीतिमा साझा नीति बनायर नजाने हो भने भोलिका दिनमा जुनसुकै राजनीतिक पार्टीको प्रधानमन्त्री बनेपनि यस्तै खालका समस्या आउने हुनाले परराष्ट्र दिग्गजरुको सुझाव, अनुभव लियर नेपालको परराष्ट्र नीति बनाउनु उचित हुन्छ ।

# निर्वाचनमा सार्वजनिक उत्तरदायित्व र नागरिक जिम्मेवारी

**उमेशप्रसाद मैनाली**

स्थानीय तहको निर्वाचन नजिकिँदै जाँदा बिस्तारै चोक, चौतारी र चियापसलहरूमा राजनीतिक बहस तात्न थालेको छ । नेताहरूका गैरजिम्मेवार चुनावी नारा, जनप्रतिनिधिहरूका झुठा आश्वासन, शक्ति र अख्तियारको दुरुपयोग, प्रतिज्ञा र प्रतिबद्धताको बेवास्ता तथा जनतासँगको विगत व्यवहार गफ र विवादका विषय हुने गरेका छन ।

प्रतिनिधिमूलक लोकतन्त्रको आत्मा भनेकै आवधिक निर्वाचन हो । उचित अन्तरालमा निर्वाचन नहुने हो भने मतदाता नागरिकहरूले आफ्ना प्रतिनिधिहरूमाथिको नियन्त्रण गुमाउँदै जान्छन्रु। भूगोल र जनसंख्याको विस्तारले सबै नागरिक समावेश हुने प्राचीन ग्रीसेली लोकतन्त्र सम्भव नभएकाले प्रतिनिधिमूलक व्यवस्था सबैजसो लोकतान्त्रिक देशहरूले स्विकारेका छन । जोन स्टुआर्ट मिलले 'प्रतिनिधित्व प्रणाली आधुनिक युगको भव्य उपलब्धि' भनेका छन । हुन पनि यसले ठूलो भौगोलिक क्षेत्रका लागि लोकतन्त्रलाई व्यावहारिक रूपमा लागू गर्न सम्भव बनाइदिन्छ । तर यस प्रणालीको अँध्यारो पक्ष पनि छ र यसलाई प्रतिनिधित्वको मूल्यका रूपमा जनताले स्विकारेका छन । यसमा नागरिकहरूले असाधारण महत्वका निर्णय गर्न पाउने अधिकारसमेत प्रत्यायोजन गरेका हुन्छन । आफ्ना प्रतिनिधिहरूलाई मात्र होइन, अझ अप्रत्यक्ष र घुमाउरो तरिकाले प्रशासक तथा नोकरशाह र न्यायाधीशहरूलाई समेत त्यस्तो अधिकार प्रत्यायोजन गरिएको हुन्छ । आफूले दिएको अधिकार र स्रोतसाधनको सही प्रयोग र परिचालन भयो(भएन, मतदाता नागरिक र प्रतिनिधिहरूबीचको विश्वासको सम्बन्ध कायम रहन सक्यो( सकेन भन्नेजस्ता पक्षमा आफ्ना निर्वाचित र नियुक्त प्रतिनिधिहरूलाई उत्तरदायी बनाइन्छ । तर, अधिकार र अख्तियारी समर्पण गर्ने सार्वभौम नागरिकहरूसँग तिनीहरूको कामकारबाहीको नियमित अनुगमन गर्ने समय र संयन्त्र हुँदैन । आवधिक निर्वाचन मात्र निर्वाचित प्रतिनिधिहरूको उत्तरदायित्वको अन्तिम परीक्षण गरिने माध्यम र अवसर हो । नियुक्त प्रतिनिधिहरूलाई भने अप्रत्यक्ष नियन्त्रणद्वारा उत्तरदायी बनाउने गरिन्छ । त्यसैले निर्वाचन प्रणाली प्रभावकारी भएन भने, नागरिकहरू सचेत भएर मतदान गरेनन् भने प्रतिनिधिमूलक लोकतन्त्रको वैधानिकता नै समाप्त भएर जान्छ ।

रुसोले आफूलाई लोकतन्त्रको जननी मान्ने बेलायतको निर्वाचनबारे भनेका थिए, 'अंग्रेज जनता निर्वाचनका बेला मात्र स्वतन्त्र हुन्छन । जब निर्वाचन सकिन्छ, जनता दास हुन पुग्छन ।' नयाँ लोकतान्त्रिक मुलुकहरूमा त केनेथ एरोले 'जनरल इम्पसिबिलिटी थ्योरम' मा भने जस्तै 'निर्वाचनले अस्वस्थ विजेताहरू जन्माउँछ ।' यसो किन हुन्छ भने, जनताको चेतनाको स्तर माथि उठ्न नसकेकाले धूर्त राजनीतिज्ञहरू गलत राजनीतिक दीक्षाद्वारा उनीहरूको समर्थन लिन सफल हुन्छन्, जनताको अमूल्य मतलाई 'नशा र नोट' को प्रलोभनमा किन्न सक्छन । हाम्रै विगतको अनुभव पनि करिबकरिब यस्तै छ । जघन्य अपराधमा आरोपित र दण्ड-सजाय भोगिरहेकाहरू विजयी हुनु, धन र डनको प्रभावले निर्वाचन निर्णायक बन्दै जानु, सिद्धान्त र त्यागमा खारिएकाहरूले टिकट नै नपाउनु वा पाए पनि महँगो चुनावमा पछि पर्नु, चुनावमा धाँधली रोक्न नसक्नुजस्ता केही विकृतिहरू देखिएकै हुन । प्रत्येक निर्वाचनमा लोकतन्त्रको मर्मविपरीतका यस्ता कार्यहरू बढ्दै जानु हामीले अवलम्बन गरेको राजनीतिक प्रणालीका लागि नै चुनौतीपूर्ण हुँदै छ । यसलाई रोक्न राजनीतिक दलहरू जनउत्तरदायी र विवेकशील नागरिकहरू सचेत हुनु आवश्यक छ । हाम्रो संविधान र कानुनले जनप्रतिनिधिहरूको गैरजिम्मेवार र उत्ताउलो काम नियन्त्रण गर्न निश्चित अन्तरालमा जनताले उनीहरूको उत्तरदायित्वको परीक्षण गर्ने व्यवस्था गरेको पनि छ । निर्वाचन यसका लागि सुवर्ण अवसर होरु। यसमा नागरिकहरूले आफ्ना प्रतिनिधिहरू कार्य उपलब्धि, व्यवहार, नागरिक-हितप्रतिको निष्ठा र वाचा निभाउन कति सफल रहे, त्यसैका आधारमा जनादेशको पुनर्नवीकरण गर्न वा फिर्ता बोलाएर सजाय दिन सक्नुपर्छ । राजनीति क्रमशः प्रतिस्पर्धा, ईर्ष्या र शक्तिको खेलबाट ग्रस्त हुँदै छ । यसले गर्दा उम्मेदवारहरूद्वारा अस्वाभाविक आश्वासन दिने, सपना बाँड्ने, स्वैरकल्पनाको आशामा भुलाउने काम हुने गर्छ । यही हलुका आश्वासन नै पुराना जनप्रतिनिधिहरूका लागि गलपासो हुने गरेको देखिन्छ । उनीहरूले मतदाताहरूलाई यी सबैको हिसाब दिनुपर्छ जुन कठिन हुने गर्छ । उत्तरदायित्व परीक्षणको प्रक्रियामा असफल हुनु भनेको प्रतिष्ठा र पद गुम्नु हो ।

स्थानीय तहको निर्वाचन संघारमै छ । यसलाई नागरिकहरूले महान् पर्व र उत्सवका रूपमा लिनुपर्छ । सस्ता र झुठा आश्वासन दिएर पदमा पुग्नेहरू, सार्वजनिक पदलाई व्यक्तिगत लाभको माध्यम बनाउनेहरू, स्वैरकल्पनाको सपना बाँडेर व्यवहारमा शून्य उपलब्धि दिनेहरूलाई मतदाताको कठघरामा उभ्याउने अवसर हो निर्वाचन । सीमित स्रोतसाधनले पनि जनप्रिय र भविष्य बुन्ने काम गर्ने जनप्रतिनिधिहरूलाई जनादेशको नवीकरण गरिदिएर जनताको सम्मान दिने समय पनि यही हो । अमेरिकी संविधानका मस्यौदाकारमध्येका अलेक्जेन्डर ह्यामिल्टनले लेखेका छन्, 'जिम्मेवारीको परीक्षण दुई प्रकारले गरिन्छ- निन्दा (सेन्सर) र सजाय (पनिसमेन्ट) । जनताको विश्वास पाएको मानिसले प्रायः विश्वास गुमाउने गरी काम गर्छ र सजायका लागि योग्य हुन्छ । तर कार्यकारीहरूको बहुलताले गर्दा उत्तरदायित्व यकिन गर्न कठिन हुन्छ ।' हाम्रा स्थानीय तहका पदाधिकारीहरूले कुनै बहाना झिकेर उत्तरदायित्व पन्छाउन खोज्ने सम्भावना छ । स्थानीय तहमा निर्वाचितहरूले सामूहिक उत्तरदायित्वको कुरा गर्नेछन्, संघ र प्रदेश सरकारले काम गर्न नदिएको भन्नेछन । अझ सजिलो त ह्यारोल्ड लास्कीको 'लाइटनिङ रड थ्यौरी' ले भने जस्तै, कर्मचारीहरूमा जिम्मेवारी सार्नेछन् र आफूहरूले स्वर्ग नै बनाउन खोजेको तर कर्मचारीतन्त्रले गर्दा नसकेको भनेर पन्छिने प्रयास गर्ने नै छन । सचेत मतदाताहरूले यस्ता बहानाबाजीमा विश्वास नगरी चार आधारमा यिनीहरूको उत्तरदायित्व परीक्षण गर्नुपर्छ( शक्तिको प्रयोग, उपलब्धि, न्याय र वित्तीय व्यवस्थापन । निर्वाचित पदाधिकारीले प्रत्यायोजित शक्ति र अख्तियारको दुरुपयोग गरेको छ वा छैन, जनताको विश्वासलाई घात गरी आफ्नो पदीय अधिकारको दुरुपयोग गरेर व्यक्तिगत लाभ लिएको छ वा छैन, मतदाताले लेखाजोखा गर्न सक्नुपर्छ । शक्तिले भ्रष्ट बनाउँछ र अनियन्त्रित शक्तिले पूर्ण भ्रष्ट बनाउँछ भनिन्छ । निर्वाचनका बेला गरेका प्रतिबद्धता, वचन र वाचाहरू कति पूरा भए, तिनको उपलब्धिको मूल्यांकन गरिनुपर्छरु। आफ्ना कामकारबाहीमा न्यायसंगत व्यवहार भयो(भएन, उनीहरूले वितरण गरेको सेवाले तल्लो वर्गको जीवनमा सकारात्मक प्रभाव पार्न सक्यो कि सकेन, मूल्यांकनको अर्को आधार हुने गर्छ । जनताको थैलीबाट करका रूपमा प्राप्त रकमको सदुपयोग वा दुरुपयोग के भयो, जनताका नाममा जाने एक रुपैयाँमा एक पैसा चुहावट नभई एक रुपैयाँ नै पुग्न सक्यो कि सकेन, त्यसको हिसाब खोज्ने अवसर यही हो । स्थानीय तहमा काम गर्ने जनप्रतिनिधिहरूलाई अप्ठेरो के छ भने, जनताको नजिक बसेर काम गर्नुपर्ने भएकाले कुनै पनि कुरा जनताबाट लुकाउन सम्भव हुँदैन । त्यसैले निर्वाचनका बेला दिएको प्रियतावादी नारा अब उनीहरूकै लागि 'बुमऱ्याङ' हुने देखिन्छ ।


उत्तरदायित्वको अनुपालनको परीक्षण गर्ने आन्तरिक र बाह्य संयन्त्रहरू प्रभावकारी हुन नसक्दा निर्वाचन नै जनप्रतिनिधिहरूको उत्तरदायित्वको अन्तिम परीक्षण हो । यसमा मतदाताहरूको निष्क्रियता वा आलस्य देखियो भने फेरि पाँच वर्षका लागि गलत र अस्वच्छ विजेताहरूबाट शासित हुनुपर्छ । त्यसैले मतदाता शिक्षाद्वारा उनीहरूको चेतनाको स्तर उठाउन आवश्यक हुन्छ । बहुसंख्यक मतदाताहरू निर्वाचनप्रति उदासीन देखिने गर्छन् जसको फाइदा उठाउन राजनीतिका चतुर खेलाडीहरू सफल भइरहेका छन । सिसेरोले भनेका छन्, 'जनता अज्ञानी हुन सक्छन्, तर उनीहरूलाई विश्वसनीय व्यक्तिले बुझाएपछि सत्य बुझ्नेछन ।' निर्वाचनमा पुराना जनप्रतिनिधि मात्र नभई ठूलो संख्यामा नयाँ अनुहार पनि उम्मेदवारका रूपमा आउनेछन । यी नयाँ अनुहारको विश्वसनीयता परीक्षण गर्ने काम मतदाताहरूका लागि अझ कठिन हुनेछ । यी नयाँ अनुहारहरूलाई पहिलेका उपलब्धि र व्यवहारका आधारमा मूल्यांकन गर्न नसकिने भएकाले अन्य गुणमा हेर्नुपर्ने हुन्छ । यस सम्बन्धमा संयुक्त राज्य अमेरिकाको संविधानका मस्यौदाकारहरूको तर्क निकै लाभप्रद हुने देखिन्छ । कस्तो व्यक्तिलाई पदमा पठाउन हुँदैन भन्नेमा एलब्रिज बेरीले भनेका छन्, 'भ्रष्ट, अयोग्य, षड्यन्त्रकारी र उत्तेजक भाषण गर्ने व्यक्ति सार्वजनिक पदबाहिर रहनुपर्छ ।' ह्यामिल्टनले भनेका छन्, 'चरित्रहीन, पदको लोभी र उत्तेजक भाषण गर्ने (डेमागग) लाई सरकारमा पठाउन हुँदैन । क्रोध, घृणा र व्यक्तिगत वैरभावको गलत सञ्चार गरेर विजयी हुने महत्त्वाकांक्षी, विवेकहीन वक्ताको हातबाट सरकार मर्छ । यी खतरनाक राजनीतिज्ञहरू उत्तेजक भाषण र जनतालाई वशीभूत गरेर राजनीति सुरु गर्छन् र तानाशाहमा बदलिन्छन ।' हामी मतदाताहरूले पनि उम्मेदवार हरूको परख गर्ने आधार यिनै हुन । जो हलुका नारा दिन्छ, जो वाचाल छ, जो अति प्रियतावादी हुने नाममा अव्यावहारिक नारा दिन्छ, त्यो उपयुक्त पात्र होइन भनी बुझ्ने हुन्छ ।

निर्वाचनमा अर्को खेल गलत सूचना (डिसइन्फर्मेसन) र तथ्यहीन समाचार प्रवाह (मिसइन्फर्मेसन) गरेर हुने गर्छ । अमेरिकी राष्टूपतिको विगतको निर्वाचनमा समेत 'कन्स्पिरेसी थ्यौरी' मा आधारित गलत प्रचार सामाजिक सञ्जालमार्फत व्यापक रूपमा गरिएको थियो । यस्ता गलत सूचनाहरूबाट दिग्भ्रमित नहुन यिनको स्रोत र तथ्यबारे यकिन गर्न सक्नुपर्छ । नयाँ उम्मेदवारहरूको समाजमा योगदान, आचरण र व्यवहारको मूल्यांकन गर्न सकिन्छ । यसर्थ पुरानाहरूको जवाफदेहीको परीक्षण गरेर र नयाँ अनुहारहरूको माथि उल्लिखित आधारहरूमा परख गरेर सर्वोत्कृष्ट, सबभन्दा सक्षम र सद्गुणसम्पन्न व्यक्तिलाई निर्वाचित गर्नु मतदाताहरूको अहिलेको जिम्मेवारी हो ।

इलिनोर रुजभेल्टले भनेकी छन्, 'दीर्घकालमा हामीले हाम्रो जीवनलाई आकार दिनेछौं र हामी आफ्नै आकार बनाउनेछौं । प्रक्रिया हामी नमरेसम्म अन्त हुँदैन, तर हामीले खराबभन्दा असललाई छान्ने जिम्मेवारी स्विकार्नुपर्छ ।' लोकतन्त्र चेतन र अर्धचेतन मनको योग हो भनिन्छ । अर्को अर्थमा, यो आफूलाई आफैंले शासन गर्ने प्रणाली हो । मतदाता नागरिकको योग्यता भएन भने लोकतन्त्र धनतन्त्र र डनतन्त्रमा रूपान्तरित हुन पुग्छ । त्यसैले निर्वाचन लोकतन्त्रका लागि आवश्यक भए पनि पर्याप्त भने होइन भनिन्छ । निर्वाचनले सही प्रतिनिधित्व दिन सकेन भने लोकतन्त्र धूमिल हुँदै जान्छ । प्लेटोले राजनीतिक प्रणालीलाई पाँच चरणमा वर्णन गरेका छन( कुलीनतन्त्र, धनतन्त्र (टाइमोक्रेसी), अल्पतन्त्र, लोकतन्त्र र निरंकुशतन्त्र । लोकतन्त्रका विजेताहरू विलासिता र प्रतिष्ठामा रमाउन थालेपछि अन्ततः तानाशाहमा रूपान्तरण हुन्छन । यसलाई नियन्त्रण गर्ने भनेको सचेत मतदाताहरूले हो । नेपालका विगतका निर्वाचनहरूमा नागरिकहरूले सही निर्णय दिन सके ? निर्वाचनमा विजयीहरू अहिले कति जना जेलमा छन ? के यसमा मतदाता जिम्मेवार छैनन ? मतदाताहरूले कुनै प्रलोभनमा नपरी सही प्रतिनिधि चुनेका भए यस्तो अवस्था आउने नै थिएन । हामी नेपाली अतुलनीय साहस र त्यागबाट ठूलो परिवर्तन गर्न सफल भएका छौं । जनप्रतिनिधि चयनमा भने हामी वैचारिक दीक्षा र अन्य व्यक्तिगत स्वार्थले चुक्दै गएका छौं । योग्यतम व्यक्तिलाई छान्नुभन्दा आफ्ना दलका, सम्प्रदाय र जातिका, आफ्नै स्वार्थका व्यक्तिलाई मतदान गरे, भोजभतेर र पैसामा आफ्नो विवेक बेचे हाम्रो समाजको समृद्धि कसरी सम्भव होला ? आउने निर्वाचनमा हामीले लोकतान्त्रिक मुलुकको सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा आफ्नो योग्यता यसरी सिद्ध गरौं, हामी आफ्नो शासन आफैं गर्न सक्षम छौं भन्ने पुष्टि होस । नत्र हाम्रा प्रतिनिधिहरू धनको बलमा, गुण्डाको बलमा र धाँधली गरेर पदमा पुग्नेछन । यस्ता प्रतिनिधिहरू आफ्नो लगानी ब्याजसमेत असुल गर्नमा लाग्नेछन । स्टालिनको 'मतदान गर्नेको गणना हुँदैन, मतगणना गर्नेको गणना हुन्छ' भनाइलाई गलत साबित गरेर मतदाताहरू नै निर्णायक हुनुपर्छ ।

स्थानीय तहको निर्वाचन संसदीय निर्वाचनभन्दा फरक हुनुपर्छ । संसदीय निर्वाचनमा दलीय विचारधाराले निर्णायक भूमिका खेल्ने भए पनि स्थानीय तहको निर्वाचनमा नागरिकहरूले स्थानीय मुद्दाहरूलाई प्राथमिकता दिनेपर्छ । जनताका दैनन्दिन समस्या सम्बोधन गर्नुपर्ने यी संस्थाहरू दलीय वैचारिक अडान र राष्ट्रिय मुद्दाबाट भिन्न हुन जरुरी हुन्छरु। मतदाताहरूले आफ्ना स्थानीय समस्याप्रति संवेदनशील हुने प्रतिनिधि चाहेका हुन्छन्रु। अहिले पनि स्थानीय तहमा यस्ता निर्वाचित प्रतिनिधिहरू छन् जो पञ्चायतकालदेखि जुनसुकै दलको सरकार हुँदा पनि विजयी हुँदै आएका छन । त्यसैले अबको स्थानीय निर्वाचनमा दलीय आधारमा नहेरी सही प्रतिनिधि चयन गर्ने क्षमता मतदाताले प्रदर्शित गर्नुपर्छ । नेपाली नागरिकहरूमा देखिएको चेतनाको स्तर हेर्दा यसमा आशावादी हुन सकिन्छ । दलहरूले के बुझ्नुपर्छ भने, अहिले राजनीतिमा दोस्रो लहरको संकट (सेकेन्ड वेभ क्राइसिस) सुरु भएको छ र यो भनेको दलगत मतदानमा मतदाताहरूको अरुचि हुँदै जानु हो । राजनीतिक दलहरूका लागि यो सबभन्दा चुनौतीपूर्ण अवस्था हो । स्थानीय तहमा जनप्रिय उम्मेदवारहरू नदिएमा दलीय आडम्बर र नारामा अबको राजनीति सफल हुन सक्दैनरु। अन्तमा, अब्राहम लिंकनको यो भनाइ अति मननयोग्य छ, 'यदि जनताले आफ्नो सद्गुण र निगरानी कायमै राखे भने कुनै पनि प्रशासनको अति खराबी र मूर्खताले छोटो अवधिमा गम्भीर हानि पुऱ्याउन सक्दैन । कान्तिपुर

# स्थानीय तहको निर्वाचनमा दलको चुनावी घोषणापत्र



प्रेमलकुमार खनाल

स्थानीय तहको निर्वाचन आउन अब ४० दिन मात्रै बाँकी रहेको छ। गाउँघरतिर चुनावी सरगर्मी बढ्न थालेको छ। हाम्रोजस्तो देशमा निर्वाचनमा उम्मेदवारलाई चुनावी घोषणापत्रमा जाहेर गरिएको प्रतिबद्धता, राजनीतिक दलमा मतदाताको आबद्धता, झुकाव, उम्मेदवार तथा दलका कार्यकर्ताले मतदातालाई पार्ने प्रभाव आदिमध्ये कुन आधारमा मतदाताले उम्मेदवारलाई मतदान गर्ने गर्दछन् भन्ने कुनै मापदण्ड छैन। सामान्यतया बहुदलीय परिपाटीमा राजनीतिक दलका तर्फबाट उम्मेदवार खडा गरिएमध्ये उत्कृष्ट चुनावी घोषणापत्र जनसमक्ष प्रस्तुत गर्ने, स्वच्छ छवि भएका, विकासप्रेमी उम्मेदवार नै मतदाताको छनोटमा पर्नुपर्ने हो। तर, व्यवहारमा त्यस्तो हुने गरेको पाइँदैन। निर्वाचनमा पैसा, जातीयता, क्षेत्रीयता र त्यस क्षेत्रमा राजनीतिक दलको प्रभाव आदि जस्ता कारणले बढ्ता प्रभाव पारेको पाइन्छ। तर, निर्वाचनमा दल तथा उम्मेदवारले जारी गर्ने चुनावी घोषणापत्र तथा प्रतिबद्धतापत्रले खासै प्रभाव पारेको पाइँदैन। यसो हुन नसक्दा नै निर्वाचनबाट असल उम्मेदवार छनोट हुन सक्दैन।

स्थानीय तहको सरकार भनेको समाजवादको आधार निर्माण गर्ने माध्यम हुन्। गणतन्त्रको जरालाई आधारभूत तहसम्म फैलाउने माध्यम हुन्। जनतालाई जन्मदेखि मृत्युसम्मका सबैखाले सेवा उपलब्ध गराउने माध्यम हुन्। यसरी जनताको प्रत्यक्ष जीवनसँग जोडिएका स्थानीय सरकारको नेतृत्व गर्ने जनप्रतिनिधि छनोट गर्दा मतदाताले जुन दलको उम्मेदवारले उत्कृष्ट चुनावी घोषणापत्र र प्रतिबद्धता लिएर जनसमक्ष जान्छन्, तिनै उम्मेदवार मतदाताको छनोटमा पर्ने निर्वाचन प्रणाली आजको आवश्यकता हो।

खडा भएका उम्मेदवारमध्ये उत्कृष्ट चुनावी घोषणापत्र जनसमक्ष प्रस्तुत गर्ने, स्वच्छ छवि भएका, विकासप्रेमी उम्मेदवार नै मतदाताको छनोटमा पर्नुपर्छ। मुलुकमा २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिबाट सामन्ती राजतन्त्रको अन्त्य भएर संघीय ढाँचाको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुरुवात भएको छ। केन्द्रीकृत र एकात्मक ढाँचाको शासन प्रणालीको अन्त्य भएर तीन तहको सरकार गठन भई सिंहदरबारको अधिकार अब सोझै गाउँ घर पुग्नेगरी संघीय शासन प्रणालीको सुरुवात भएको छ। मुलुकमा संघीय शासन प्रणालीको अभ्यास हुन थालेको पाँच वर्ष व्यतीत भएको छ। यो पाँच वर्षको अवधिमा संघीय शासन प्रणालीलाई संस्थागत गर्न राजनीतिक एवं आर्थिक हिसाबले ऐनकानुन बनेर निर्वाचन भई स्थानीय सरकार गठन भए। तर, तीनवटै सरकारलाई समन्वय गर्ने ऐनकानुन बन्न सकेन। दुईतिहाइको जनमतका साथ सरकारको नेतृत्व गरेको केपी ओलीको सरकारले संविधानअनुसार ऐनकानुन बनाएर संघीय शासन प्रणालीको मर्म र भावना संघीयतालाई व्यवस्थापन गर्नेतर्फ ध्यान दिएन। संविधानले सिंहदरबारको अधिकार गाउँ घरमा भनेर संघीयताको मर्मलाई जुन ढंगबाट दिशानिर्देश गरेको छ त्यसबाट केपी ओलीको सरकारले सबै अधिकार केन्द्रमा कब्जा गरेर राख्ने प्रवृत्ति देखायो। स्थानीय तहका सरकारको काम र अधिकारलाई केन्द्रले नै प्रयोग गर्ने अभ्यास भयो। प्रदेश प्रहरी सेवा गठन गर्नेदेखि स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, प्रदेश सरकारका सचिवको केन्द्रबाटै खटनपटन गर्ने गराउने काम भयो। स्थानीय र प्रदेश सरकार भनेको केन्द्रका इकाई हुन् भनेर त स्वयं केपी ओलीले अभिव्यक्ति दिएका थिए। संघीयतालाई व्यवस्थापन गर्न गरिएको कर्मचारी समायोजन पनि तदर्थ र केन्द्रीकृत खालको भयो। जनताको सेवामा समर्पित कर्मचारी तन्त्रलाई समायोजन गर्दा केन्द्रमा अधिक कर्मचारी र स्थानीय तहमा न्यून संख्यामा मात्रै कर्मचारी समायोजन गर्ने काम भयो। स्थानीय सरकारले गरेको खर्चको नियन्त्रण गर्ने कुनै संयन्त्र नहुँदा अहिले सबैभन्दा बढी आर्थिक अनुशासन हिनता र भ्रष्टाचार स्थानीय तहमा भएको महालेखा परीक्षकको विभागको लेखापरीक्षणले उजागर गरेको छ। केन्द्र, प्रदेश सरकारबाटै ससाना टुक्रे योजना रातो किताबमा पार्ने, बिना इस्टिमेट, भनसुन र तोकादेशका आधारमा योजना पार्ने जुन काम भयो, यसले स्थानीय तहका सरकारले आफ्नो ढंगबाट योजना तर्जुमा गर्न पाएनन्। स्थानीय तहमा विकासको प्राथमिकता र आवश्यकताविपरीत योजना छनोट गर्ने, विकासको रकम प्रशासनिक कार्यमा खर्च गर्ने, निर्वाचित जनप्रतिनिधिलाई कर्मचारीसरह तलबभत्ता, पारिश्रमिक, गाडी लगायतका सुविधा लिन पाउने व्यवस्था गरेर साधन र स्रोतको दुरुपयोग भयो। संघीयत शासन प्रणालीको सुरुवात भएर पनि प्रभावकारी डेलीभरी हुन सकेको छैन। भ्रष्टाचारमुक्त प्रशासन बन्न सकेको छैन। योग्यता, निष्पक्षता, पारदर्शीता, मितव्यीयतालाई स्थानीय सरकारले आत्मसात गर्न नसक्दा आज स्थानीय समाजवादका आधारमा जुन भूमिका निर्वाह गर्नुपर्दथ्यो त्यो हुन सकेको छैन। स्थानीय जनताको रोजगारी अभिवृद्धि गर्नेगरी विकासका योजना सञ्चालन गर्ने प्रतिबद्धता चुनावी घोषणापत्रमा उल्लेख हुनु आवश्यक छ। आसन्न स्थानीय तहको निर्वाचनमा राजनीतिक दलले जारी गर्ने चुनावी घोषणापत्रको विशेष महत्व छ। पाँच वर्षसम्म स्थानीय सरकार सञ्चालन गर्दा उत्पन्न भएका चुनौती र समस्यालाई दृष्टिगत गरेर राजनीतिक दलले चुनावी घोषणापत्र जारी गर्न आवश्यक छ। खासगरी संविधानले उल्लेख गरेको जनताका आधारभूत अधिकार र मौलिक हकका रूपमा रहेको शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षालगायतका अधिकारलाई जनतासमक्ष निःशुल्क र सर्वसुलभ ढंगबाट उपलब्ध गराउने कोणबाट चुनावी घोषणापत्रमा नीति कार्यक्रम अगाडि सार्न जरुरी छ। यसका साथै उत्पादन वृद्धि गर्ने, व्यापक रोजगारीका अवसर सृर्जना गर्ने, छुवाछुत, जातीय विभेद अन्त्य गर्ने, निरक्षरता उन्मूलन गर्ने र स्थानीय स्तरमा हुने आर्थिक, सामाजिक शोषणका रूपलाई अन्त्य गर्ने दिशामा राजनीतिक दलको प्रतिबद्धता चुनावी घोषणापत्रमार्फत जनसमक्ष आउन जरुरी छ।

राजनीतिक दलको चुनावी घोषणापत्रमा हरेक स्थानीय तहमा कृषि उत्पादन वृद्धि, रोजगारी वृद्धि गर्न, जनतालाई शिक्षा र स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ ढंगबाट सेवा उपलब्ध गराउने बजेटको न्यूनतम १०/१० प्रतिशत रकम विनियोजन गर्ने नीति अवलम्बन गर्ने प्रतिबद्धता हुनु जरुरी छ। संविधानले शिक्षालाई निःशुल्क र सर्वसुलभ ढंगबाट पाउने जनताको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। शिक्षामा भइरहेको व्यापारीकरण र निजीकरणलाई अन्त्य गर्न शिक्षा क्षेत्रमा व्यापक लगानी विस्तार गरिनुपर्छ। सरकारी विद्यालयलाई गुणस्तरीय र रोजगारमूलक शिक्षा दिन सक्नेगरी भौतिक सुधारमा व्यापक लगानी वृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्छ। हरेक स्थानीय तहमा १० जोड दुईको शैक्षिकस्तर पूरा गरिसकेका विद्यार्थीका लागि हरेक निर्वाचन क्षेत्रमा स्नातकोत्तरसम्म अध्ययन गर्न १/१ वटा सरकारी बहुमुखी क्याम्पस स्थापना गर्ने प्रतिबद्धता घोषणापत्रमा उल्लेख हुनु जरुरी हुन्छ। समयमै पाठ्यपुस्तक उपलब्ध गराउन साझा प्रकाशनलाई पुनर्संरचना गरी जनक शिक्षा सामग्री केन्द्रले उत्पादन गरेका पुस्तक साझा प्रकाशनमार्फत हरेक जिल्लाका स्थानीय तहमा शैक्षिकसत्रको सुरुवात हुने १ साताभित्र बिक्रीवितरण गर्ने व्यवस्था हुनु जरुरी छ।

स्थानीय तहमा कृषि उत्पादनयोग्य जमिन बाँझो नराख्ने नीति अवलम्बन गरिनुपर्छ। माटो परीक्षण गरी यस्तो जमिनलगायत समग्र गाउँमा सहकारीमार्फत पकेट खेती आरम्भ गरी उत्पादन बढाउने, आत्मनिर्भर हुने नीति अवलम्बन गर्नुका साथै कृषकले उत्पादन गरेको कृषि उपज बिक्रीवितरणका लागि बजारको सुनिश्चितता गरिनुपर्छ। कृषि उपजको उचित मूल्यका लागि हरेक पालिका हुँदै वडास्तरमा कृषि उपज सहकारी बिक्रीवितरण केन्द्र स्थापना गर्न आवश्यक छ। यस्तो, संस्था स्थापनाका लागि स्थानीय सरकार र स्थानीय सहकारी संस्थाको संयुक्त लगानी र व्यवस्थापनमा सञ्चालन गरिने नीति अवलम्बन गरिनुपर्छ।

हरेक वडास्तरसम्म पुगेर किसानलाई प्राविधिक सेवा प्रदान गर्न एक वडा दुई कृषि प्राविधिक (कृषि र पशु चिकित्सक)बाट सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनुपर्छ।

वृद्धास्था रहेका बुबाआमाको हेरचाह, आहारविहारको अवस्था चुनौतीपूर्ण बनिरहेका बेला हरेक पालिकामा एक एकवटा सुविधा सम्पन्न ज्येष्ठ नागरिक भवन/ज्येष्ठ नागरिक आरोग्य केन्द्र स्थापना गरिनुपर्छ। यस्ता केन्द्रमार्फत ज्येष्ठ नागरिकलाई काउन्सेलिङ गर्ने, मनोरञ्जनलगायत योगा, प्राकृतिक उपचार विधि र प्रक्रियामा काउन्सिल गरिनेछ। यस्तो आरोग्य केन्द्र क्रमशः वडा स्तरमा पनि स्थापना गर्ने नीति अवलम्बन गरिनेछ। ज्येष्ठ नागरिक र राष्ट्र सेवामा योगदान गरेका व्यक्तित्वलाई सम्मान र प्रशंसा गरिनेछ। स्थानीय सरकारलाई भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता चुनावी घोषणापत्रमा उल्लेख हुनु जरुरी छ। स्थानीय सरकारबाट भएको खर्च हरेक वर्ष बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा हावाहुरीले एउटै गाउँमा २५ घर भत्कियो

रामेछाप। शनिवार राति चलेको हावाहुरी र वर्षाले रामेछापको मन्थली नगरपालिका-११ गेलुको नाटिलामा एउटा गाउँ नै तहसनहस बनाएको छ। बेलुका करीब ७ बजे तिर चलेको हावाहुरी र वर्षाले २५ वटा भन्दा बढी घरको पुरै छाना उडाएको छ। थप १ सय ५० भन्दा बढी घरमा क्षति पुर्याएको छ। सोही हावाहुरीमा परेर एक जना घाइते भएका छन्। घाइते भएकी ६५ बर्षिय बोध कुमारी बोहोरालाई शनिबार राती नै उपचारको लागी मन्थली लगिएको स्थानिय संतोष सोडारीले बताए। हावा हुन्डरी संगैको वर्षाले स्थानियको घरमा भएको धान मकै कोदो गहुँ लगायत अन्न बाली सबै भिजेको छ। केहि अन्न पानीले भिजेका कारण कामै नलाग्ने भएको छ। हुरिले ३ वटा पसलको छाना उडाउदा पसलमा रहेको समान भिजेर नष्ट भएको दिलिप बुढाथोकी बताउँछन्। 'दुखसुख गरेर जोरजाम गरेको पैसाले सानो व्यवसाय सुरु गरेका थियौ, त्यो पनि दैवले देखि सहेन। अब फेरि कसरि सुरु गर्नु यो व्यवसाय ?' बुढाथोकीले भने। हुरिका कारण ४ सय बर्ष भन्दा पुराना रुखहरु समेत उखलिएको छ। गाउँमा रहेका धेरै रुख बिरुवाहरुको हागाँ भाँचिएर घर थिचेको छ भने सडक समेत अवरुद्ध बनेको छ। आफुले थाहा भए देखि यस्तो हावाहुरि नआएको ९१ वर्षीय जयलक्ष्मी श्रेष्ठ बताउँछिन। 'राती उडाएर लैजाला जस्तो लागेको थियो धन्न मरिएन बाँचियो।' जयलक्ष्मीले भनिन्।

## दोरम्बा शैलुङमा खुकुरी प्रहार गर्ने एक युवक पक्राउ

रामेछाप। जिल्ला प्रहरी कार्यालय रामेछापले दोलखाका एक युवकलाई खुकुरी प्रहार गर्ने रामेछापका एक युवकलाई पक्राउ गरेको छ। रामेछापको दोरम्बा शैलुङ गाउँपालिका ४ स्थित पडिघ्याङ भन्ने स्थानमा रहेको अन्तराष्टिय युबाबर्ष मा.बिमा युवकमाथि खुकुरी प्रहार भएको हो। उक्त विद्यालयमा रङरोगन गर्ने मजदुर दोलखा जिल्ला तामाकोशी गाउँपालिका ३ जफे बस्ने बर्ष २० का अनिश पोखरेलमाथि समान्य विवादमा रामेछापको दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ४ बस्ने बिनोद तामाङले खुकुरी प्रहार गरेका हुन। खुकुरी प्रहारबाट पोखरेलको टाउको तथा देब्रे हातको पातोमा चोट लागेको रामेछाप प्रहरीले जानकारी दिएको छ। खुकुरी प्रहार गर्ने तामाङलाई दोरम्बा शैलुङबाट पक्राउ गरी अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।

## रामेछापमा चुनावी तालमेल हुन्छ : सभापति तामाङ

रामेछाप। नेपाली कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ कान्छारामले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा रामेछापमा चुनावी गठबन्धन गरेर जाने बताएका छन्। उनले पार्टीको पदाधिकारी बैठक बसेर गठबन्धनको लागि गृहकार्य भइरहेको बताए। पार्टीभित्र चुनावी तालमेल गर्न नहुने भन्ने विषयमा आवाज उठिरहेको बेला सभापति तामाङले सत्ता गठबन्धनको विरुद्धमा जान नसकिने बताए। उनले भने,'केन्द्रको निर्देशन रामेछापमा पूर्ण रुपमा पालना हुन्छ, आठ वटै स्थानीय तहमा तालमेल गरेर चुनाव लडछौं।' उनले पार्टीको अवस्थाको बारेमा आफू जानकार रहेको बताउदै गठबन्धन बनाएर जिल्लामा पार्टीलाई बलियो बनाउने बताए। चुनावी गठबन्धनको लागि यसअघि माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीले कार्यदल गठन गरिसकेका छन्। कांग्रेसले गठबन्धनको विषयमा आधिकारिक निर्णय गरेपछि तीन दलबीच औपचारिक रुपमा गठबन्धन गर्ने विषयमा छलफल हुने बताइएको छ। औपचारिक रुपमा तीन दलबीच गठबन्धनमा छलफल हुनुपूर्व तीन दलबीच आ-आफ्नो दलमा आन्तरिक गृहकार्य सुरु भएको छ। तीन दलबीच अहिले चुनाव जितको स्थानीय तहमा ती दलले दावी गर्ने र एमालेले जितेको स्थानीय तहमा भाडवण्डा गरेर तालमेल गर्ने गृहकार्य सुरु भएको छ। गत निर्वाचनमा माओवादीले सुनापति गाउँपालिका र दोरम्बा शैलुङ गाउँपालिकामा जित हासिल गरेको थियो। कांग्रेसले रामेछाप नगरपालिकामा नगर प्रमुख/उपप्रमुख र उमाकुण्ड गाउँपालिकामा उपाध्यक्षमा जितेको थियो। बाँकी पाँच वटा स्थानीय तहमा भने एमालेले जितेको थियो। रामेछापमा रहेका ६४ वडा मध्ये गत निर्वाचनमा कांग्रेसले १३ र माओवादी केन्द्रले २१, एमालेले २८ र राप्रपाले १ वटा वडामा जित हासिल गरेको थियो।जित हासिल गरेको स्थानीय तह र वडामा जितेका दलले दावी गर्ने र हारेको ठाउँमा तालमेल गरेर अगाडि बढनु पर्ने माओवादी र समाजवादी प्रस्ताव अघि सारेका छन्। तर कांग्रेसले भने ६ वटा स्थानीय तहमा दावी गर्ने नीति लिएको छ। सत्ता गठबन्धनबीच खाँडादेवी गाउँपालिका, लिखु तामाकोसी गाउँपालिका, उमाकुण्ड गाउँपालिका र गोकुलगंगा गाउँपालिकामा तालमेल हुने पक्का पक्की भएको छ। रामेछाप नगरपालिकामा काग्रेस, दोरम्बा र सुनापति गाउँपालिकामा माओवादी र मन्थली नगरपालिकामा एकीकत समाजवादीले दावी गर्ने भएको छ। गत निर्वाचनमा एमालेबाट निर्वाचित भएका नगरप्रमुख रमेश बस्नेत एकीकृत समाजवादीमा प्रवेश गरेसँगै उक्त नगरपालिकामा समाजवादीले दावी गरेको छ।

## लिखु तामाकोशी गाउँपालिका अध्यक्षसहित २७ जनाविरुद्ध मुद्दा

रामेछाप। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रामेछापको लिखु तामाकोशी गाउँपालिकाका अध्यक्ष गोविन्द बहादुर खड्कासहित २७ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। विद्युतीय सामानहरु खरिद गर्दा भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियारले उनीहरुविरुद्ध आज विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो। अख्तियारले आज मुद्दा दायर गरेको अन्यमा लिखु तामाकोशी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरु राजु प्रसाद न्यौपाने र टंक प्रसाद चौलागाई र लेखापाल दुर्गा बहादुर डिम्दोङ तामाङ रहेका छन्। विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गाउँपालिका-५ (साविक नागदह गाविस १-५) का अध्यक्ष वेत बहादुर पुँवार, कोषाध्यक्ष ममीता श्रेष्ठ, सचिव सुब्बा थापामगर, विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गाउँपालिका-५ (साविक नागदह गाविस ६-९) का अध्यक्ष सुन बहादुर तामाङ, कोषाध्यक्ष करिष्मा परियार, सचिव दल बहादुर तामाङ र विद्युतीकरण उपभोक्ता समिति लिखु गाउँपालिका-४, (साविक विजुलीकोट) का अध्यक्ष होम बहादुर महत, कोषाध्यक्ष अनिता श्रेष्ठ र सचिव डिल्ली बहादुर सुनुवार विरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरिएको छ। लिखु तामाकोशी गाउँपालिका रामेछापका अध्यक्षसमेतको मिलेमतोमा विद्युतीय सामानहरु खरिद गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरी परेपछि अख्तियारले अनुसन्धान अघि बढाएको थियो।

# गरिमा क्यापिटलको एजीएम वैशाख ९ गते, यस्ता छन् प्रस्ताव

गरिमा क्यापिटल लिमिटेडले वैशाख ९ गते छैटौं वार्षिक साधारणसभा आयोजना गर्ने भएको छ । पार्क भिलेज रिजोर्ट बूढानीलकण्ठमा आयोजना हुने साधारणसभामा कम्पनी सञ्चालक समितिले विभिन्न ९ प्रस्ताव पेश गरेको भएको गरिमा क्यापिटलले जानकारी दिएको छ ।

सञ्चालक समितिले साधारणसभामा आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य

गरिमा क्यापिटल लिमिटेड
GARIMA CAPITAL LIMITED
(A Merchant Banker Licensed by SEBON)

लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव लैजाने भएको हो ।

यसैगरी संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ५ जना सञ्चालकको निर्वाचन गर्ने, सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ असार मसान्तमा कायम चुक्तापूँजी ११ करोड ८१ लाखको १५.६५ प्रतिशतले हुन आउने रकम १ करोड ८४ लाख ८३ हजार ८९५ रुपैयाँ ९३ पैसा नगद लाभांश (नगद लाभांशमा लाग्ने करसमेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पनि पेश हुने कम्पनीले जानकारी दिएको छ ।

विशेष प्रस्तावका रूपमा सञ्चालक समितिले साधारणसभामा आफ्नो कार्यक्षेत्र विस्तार गरी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, शेयर रजिष्ट्रार एवं सामूहिक लगानी कोषको डिपोजिटरीको रूपमा समेत कार्य गर्न कम्पनीको प्रबन्धपत्रमा उल्लेखित उद्देश्यहरू थप/संशोधन गर्ने र सो बमोजिम आवश्यक व्यवस्था गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव लैजाँदैछ । गरिमा क्यापिटल लिमिटेड वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सोसम्बन्धी आवश्यक सम्पूर्ण कार्य अघि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पनि पेश हुने जनाइएको छ ।

साथै, सञ्चालकहरूलाई प्रदान गरिने बैठक भत्ता रकम वृद्धि गर्ने र प्रबन्धपत्र संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पनि पेश हुने सो गरिमा क्यापिटलले जानकारी दिएको छ ।

# सिन्धु विकास बैंक पाँचखाल शाखाद्वारा रक्तदान कार्यक्रम आयोजना

सिन्धु विकास बैंक लिमिटेड पाँचखाल, काभ्रेपलाञ्चोक शाखाले शुक्रबार सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकको प्राङ्गणमा खुला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। सो अवसरमा बैंकका उच्च व्यवस्थापनको समेत उपस्थिति




रहेको थियो। खुला रक्तदान कार्यक्रममा पाँचखाल नगरपालीका क्षेत्रका स्थानियवासी तथा विभिन्न संघ संस्थाका प्रतिनीधिहरु समेत गरी करिब १०६ जनाले रक्तदान गर्नु भएको छ । सिन्धुपाल्चोक जिल्लाकै प्रथम विकास बैंकको रुपमा स्थापित यस बैंकले आफ्नो कार्यक्षेत्र सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन जिल्ला समेत गरी ५ जिल्लाहरुमा २४ वटा शाखा कार्यालयहरु र २ वटा सिमित बैकिङ्ग ईकाइबाट बैकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । बैंकले आफ्नो कार्यक्षेत्रका अधिकांश ग्रामिण भेगहरुमा बैंकिङ्ग सेवा विस्तार गरी उक्त क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण व्यक्तिहरुलाई सर्वसुलभ तवरले सेवा प्रदान गर्दै आईरहेको छ। बैंकले हाल रहेको प्रतिस्पर्धी बजारमा ग्राहकहरुको सुविधाको लागी सम्पूर्ण शाखा कार्यालयहरु मार्फत सन्ध्याकालिन बैकिङ्ग सेवा, मोवाईल बैकिङ्ग, SCT डेबिट कार्ड, SMS Banking, QR Code, C–ASBA लगायत सेवाहरु प्रदान समेत गर्दै आईरहेको छ।

# बिर्तामोडमा सेन्ट्रल फाइनान्सको शाखा

सेन्ट्रल फाइनान्स लिमिटेडले झापाको बिर्तामोड-४, भद्रपुर रोडमा बिर्तामोड शाखा सञ्चालनमा ल्याएको छ । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले उद्घाटन गरेको शाखा वित्तीय संस्थाको १६ औं शाखा हो ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्थाको रुपमा विगत २५ वर्षदेखि गुणस्तरीय बैंकिङ सेवा दिँदै आएको संस्थाको ललितपुरको कानदेवस्थानस्थित आफ्नै नवनिर्मित केन्द्रीय कार्यालय सहित काठमाडौंको चाबहिल र गोंगबु गणेशस्थान, चितवनको नारायणगढ, रुपन्देहीको बुटवल, भक्तपुरको च्याम्हासिंह, महोत्तरीको बर्दिबास, नवलपरासीको बर्दघाट, बाराको सिमरा, सिन्धुलीको भिमान र डकाहामा रहेको जनाएको छ । त्यस्तै सर्लाहीको लालबन्दी, धनुषाको जनकपुर, सुनसरीको इटहरी गरी १४ वटा शाखा र भक्तपुरको सल्लाघारीमा १ एक्सटेन्सन काउन्टर सञ्चालनमा रहेको तथा संस्थाले छिट्टै नै रुपन्देहीको भैरहवामा नयाँ शाखा सञ्चालनमा ल्याउने गरी तयारी भइरहेको र भविष्यमा थप शाखा खोली शाखा सञ्जाल र कार्यक्षेत्र थप विस्तार गरिने संस्थाका प्रमुख कार्यकारी अधिकृत रजोज मान श्रेष्ठले बताए ।

संस्थाले डेबिट कार्ड, एसएमएस बैंकिङ, चेक क्लियरिङ, आईपीएस, कनेक्ट आईपीएस, रेमिट्यान्स तथा सी-आस्वा जस्ता आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# जनता आधारभूत विद्यालयलाई लुम्बिनी विकास बैंकको सहयोग

लुम्बिनी विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत जनता आधारभूत विद्यालयलाई सहयोग गरेको छ । लालबन्दि-



११ सर्लाही हिरापुरमा सञ्चालित विद्यालयलाई आर्थिक सहयोग स्वरुप५० हजार नगद सहयोग हस्तान्तरण गरेको छ ।

बैंकका मधेश प्रदेश प्रमुख मोहनराज गिरीले विद्यालयका प्रधानाध्यापक शत्रुधन महतोलाई उक्त रकमको चेक हस्तान्तरण गर्नुभएको हो । जनता आधारभुत विद्यालयमा सुबिधा सम्पन्न शौचालय निर्माणमा सहयोग गरिएको जानकारी दिनुभयो । विद्यालयमा हाल २५३ विद्यार्थी छन् ।

हाल यस विकास बैंकले ७ वटै प्रदेशमा ७९ वटा शाखाहरुमार्फत कारोबार गर्दै आएको छ र यस लुम्बिनी विकास बैंक लिमिटेडले निरन्तर सहयात्रा भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरु सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । ग्राहकहरुलाई अधिकतम प्रतिफल दिने उद्धेश्यले बैंकले मुद्दती खातामा मासिक रुपमा ब्याज प्रदान गर्ने बिशेष योजना समेत कार्यान्वयनमा ल्याएको छ ।

# ज्योति विकास बैंकका ग्राहकहरुलाई होटल सेन्ट्रल प्लाजामा छुट

ज्योति विकास बैंकले कोहलपुरस्थित पाँच तारे होटल सेन्ट्रल प्लाजासंग होटलका विभिन्न सेवा सुविधाहरुमा बैंकका ग्राहकहरुलाई १५ प्रतिशत छूट सम्बन्धी सम्झौता गरेको छ ।




सम्झौता पत्रमा बैंकका तर्फबाट कोहलपुर क्षेत्रीय प्रमुख दिनेश रायमाझी तथा होटल सेन्ट्रल प्लाजाका तर्फबाट बजार व्यवस्थापन प्रमुख रमेश कुमार पाठकले हस्ताक्षर गरेका हुन् ।

बैंकले भिसा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकलाई सेवाहरुमा थप छुट दिन सो सम्झौता गरेको हो। होटल सेन्ट्रल प्लाजा कोहलपुरस्थित सम्पूर्ण आधुनिक सुविधा सम्पन्न पाँच तारे होटल हो ।

यस सम्झौता पश्चात ज्योति विकास बैंकका ग्राहकहरुले भिषा डेविट कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा होटलको फुड एन्ड बेभरेज र रूम शुल्कमा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्।बैंकले देशका अन्य विभिन्न व्यवसायहरुसंगको सहकार्यमा ग्राहकहरुलाई विशेष छुटको व्यवस्था गर्दै आइरहेको छ ।

# बैंक अफ काठमाण्डूका ग्राहकलाई होटल एडममा २० प्रतिशत छुट

बैंक अफ काठमाण्डू लिमिटेड र होटल एडम पोखरा बीच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्गबाट क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्दा बैंकका ग्राहकहरुलाई २० प्रतिशत छुट उपलब्ध गराउने सम्झौता भएको




छ । उक्त सम्झौता पश्चात् ग्राहकहरुले होटल एडम पोखरामा उपलब्ध हुने सम्पूर्ण सेवाहरुमा एकमुष्ठ २० प्रतिशत छुट पाउनुहुनेछ । उक्त छुटको उपयोग गर्नको लागि ग्राहकहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ ।

होटल एडमले सेन्टर पोइन्ट, लेकसाइड, पोखराबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा तथा सुविधाहरु प्रदान गर्दै आइरहेको छ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले ९७ शाखा कार्यालयहरु, ८७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आइरहेको छ ।

# अर्थ संसार

## एनआईसी एशियाको २४ औं वार्षिक साधारण सभा सम्पन्न

एन आई सी एशिया बैंक लिमिटेडको २४ औं वार्षिक साधारण सभा आइतबार काठमाडौंको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा सम्पन्न भएको छ । बैंकको वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक विवरणहरू उपर छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गरेको छ । सो सभाले मिति २०७८/०७/१० मा सम्पन्न सञ्चालक समितिको ५१२ औं बैठकले बैंकको स्वतन्त्र सञ्चालकको पदमा बिजया स्वारलाई नियुक्त गर्ने निर्णय गरेकोमा उक्त निर्णयलाई अनुमोदन समेत गरेको छ ।



बैंकको वार्षिक साधारण सभामा सञ्चालक समितिको सदस्य निर्वाचन गर्ने कार्यक्रम समेत रहेकोमा संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्नुहुने र सर्वसाधरण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३-३ जना गरी ६ जना सञ्चालक निर्विरोध निर्वाचित हुनुभएको छ ।

सो बमोजिम संस्थापक शेयरधनीहरूको तर्फबाट तुलसीराम अग्रवाल, त्रिलोक चन्द अग्रवाल र रामचन्द्र संघई निर्विरोध निर्वाचित हुनुभएको छ भने सर्वसाधारण शेयरधनीहरूको तर्फबाट निकुञ्ज अग्रवाल, गणेशमान श्रेष्ठ र आदित्य कुमार अग्रवाल निर्विरोध निर्वाचित हुनुभएको छ ।

उक्त सभाले सञ्चालक समितिका निवर्तमान सदस्यद्वय राजेन्द्र प्रसाद अर्याल तथा विनोद कुमार प्याकुरेललाई उहाँहरूले बैंकको प्रगतिमा पुर्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै सफल कार्यकालको उच्च मूल्याङ्कन गरेको छ । साधारण सभा सम्पन्न भएपश्चात् बसेको नवनिर्वाचित सञ्चालक समितिको ५३७ औं बैठकले सञ्चालक तुलसीराम अग्रवाललाई बैंकको सञ्चालक समितिको अध्यक्षमा सर्वसम्मत चयन समेत गरेको छ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५८ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०० वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.३ अर्ब १६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ । जुन मुलुकको वाणिज्य बैंकहरूमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८० प्रतिशतभन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

## लक्ष्मी केयर्सको साइकल र्‍यालीमा उल्लेखिय सहभागिता

काठमाडौ । लक्ष्मी बैंकका कर्मचारीहरुद्वारा स्थापित गैर नाफामूलक संस्था लक्ष्मी केयर्सले अरेन्जलभ्स ग्रिन अभियान अन्तर्गत वार्षिक साइकल र्‍यालीको १२ औं संस्करण चैत्र १९ गते शनिबार काठमाडौंमा आयोजना गरेको छ। टुँडिखेलस्थित आर्मी अफिसर्स क्लबबाट २०० भन्दा बढी



साइकलयात्रीको सहभागितामा सुरु भएको सो र्‍याली १३ किलोमिटरको दुरी पार गर्दै गोकर्ण फरेस्ट रिसोर्टमा पुगेर सम्पन्न भएको थियो । र्‍यालीपश्चात विभिन्न पेशा तथा व्यवसायमा संलग्न करिब लक्ष्मी केयर्सका १००० भन्दा बढी हितैषिको उपस्थितिमा १९७४ एडि ब्यान्डको सांगितिक प्रस्तुति लगायत विभिन्न मनोरञ्जनात्मक कार्यक्रमको गरिएको थियो । कार्यक्रम लक्ष्मी बैंकको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको थियो ।

लक्ष्मी केयर्सले उज्यालो अभियान अन्तर्गत जनचेतना अभिवृद्धि एवं विभिन्न सांस्कृतिक तथा सार्वजनिक स्थानलाई वातावरण मैत्री प्रविधिबाट उज्यालो बनाउने उद्देश्यका लागि रकम संकलन गर्ने प्रयोजन सहित साइकल र्‍याली कार्यक्रमको आयोजना गर्दै आएको छ । सो अभियान अन्तर्गत यसअघि लक्ष्मी केयर्सले बागमति पुल, पाटन दरबार स्क्वायर,भद्रकाली-सिंहदरबार सडक,बाराको गढिमाइ मन्दिर र बनेपाको चण्डेश्वरी मन्दिर परिसरमा सौर्यबत्ती जडान गर्नुका साथै देशभर विभिन्न स्थानमा वृक्षरोपण गरेको थियो ।

# बलियो परिवार, स्वास्थ्यको आधार

- सुदर्शन पौडेल

हामी धर्तीका स्थायी बासिन्दा होइनौँ, करिब सय वर्षका पाहुना हौँला। यस अवधिमा हाम्रा गतिविधिका कारण भोलिका दिनमा हाम्रो पहिचान बन्नेछ। त्यसैले केही मानिसले समाजमा सत्कर्म गरी भावी पुस्तालाई सुन्दर विश्व हस्तान्तरण गर्न चाहन्छन्। अधिकांश मानिस सञ्चार वा सामाजिक सञ्जालमा प्रतिविम्बित हुने अभौतिक संसारको भुलभुलैयामा आफू बाँचेको समाजभन्दा भिन्न समाजको कल्पनामा कावा खान थाल्छ। यो प्रवृत्ति परिवार र समाज खण्डीकरणको एक मुख्य कारण हो।

भविष्यप्रति गर्व गर्न चाहनेले त्यसका निम्ति आजैदेखि प्रयास गर्नुपर्छ। आजका गतिविधिले भोलिको दिनको विधि र संस्कार निर्धारण गर्छ। हरेक नयाँ कुरा सिर्जना गर्न वा भइरहेको कुरालाई समय सान्दर्भिक बनाइरहन मेहनत गर्नुपर्छ। समाज रूपान्तरण तीव्र गतिमा भइरहेको अवस्थामा मौलिक मूल्य र मान्यतासहितका विधि व्यवहारको बीउ जोगाउन सक्यौँ भने भोलि त्यसका सबल पक्षमा अध्ययन थालनी हुनेछ। यस सम्बन्धमा राज्य तथा समुदायको तर्फबाट ठोस प्रयास हुन सकेको छैन। फलस्वरूप नयाँ पुस्ताको बोली र व्यवहारमा भड्किलोपन, उत्तेजना, आवेग पाइन्छ। पाकाको कुरा सुन्ने( बुझ्ने धैर्य निकै कम छ। आफ्ना क्रियाकलापको परिणामको आकलन गर्न सक्दैनन्। यसको मूल कारण भनेको उनीहरूले परिवारबाट सामाजिक मूल्य र मान्यता सिक्ने र बुझ्ने अवसर नपाउनु नै हो।

**पूर्वीय र पश्चिमा समाजिक चिन्तन**

पश्चिमा र पूर्वीय समाजको सारभूत फरक भनेको व्यक्ति प्रधान कि समाज प्रधान भन्ने हो। पश्चिमा समाजमा व्यक्तिको विकास भएमा समाज र राज्यको विकास हुन्छ भन्ने मान्यतामा विकास भयो। फलस्वरूप व्यक्ति आफ्नो सफलताका लागि परिवार, समाज, संस्कृतिलाई छेउमा लगाएर आर्थिक समृद्धिको पछि दौडिए। भौतिक समृद्धि प्राप्त भयो होला तर उनीहरू सन्तुष्ट छैनन्। अर्कोतर्फ पूर्वीय दर्शनले समाज सुसंस्कृत, सम्पन्न भयो भने हामीभित्रको 'म' को पनि भलो हुने मान्यता राखियो। यसै मान्यताको फलस्वरूप कैयौँ समाजिक विधि व्यवहार विकास भएजस्तै धार्मिक, सांस्कृतिक संस्कार आदि। फलस्वरूप आर्थिक तथा भौतिक अभावबीच पनि मानिस एकअर्काका सुख र दुःख बाँड्दै रम्न सिके। एकताभित्रको विविधताले सिँगारिएका समाज निर्माण भए र त्यसको व्यवस्थापनमा रीतिस्थिति बाँधिए। यो परम्परा नयाँ पुस्तामा हस्तान्तरणसमेत हुँदै आएको छ।

परिवारमा जिम्मेवारी बाँडिएको हुन्छ। त्यहाँका सदस्यले आफ्नो तर्फबाट संवेगात्मक, भौतिक तथा आर्थिक योगदान दिइरहन्छन्। परिवार हरेक व्यक्तिको पहिलो र स्थायी पाठशाला हो। संयुक्त परिवारमा हुर्किएका बच्चाले दया, माया, करुणा, आदर, धैर्य, सेवा, सम्मानजस्ता गुण सिक्छन् भन्ने कुरा विभिन्न अध्ययनबाट प्रमाणित भएको छ। त्यस्ता गुणले नयाँ वा विषम परिस्थितिलाई सामना गर्न सक्ने क्षमता विकास हुन्छ। त्यसको उल्टो एक परिवार वा सानै उमेरदेखि परिवारभन्दा टाढा बसेका नयाँ पुस्तामा यस्ता मानवीय गुण वा व्यवहारको कमी हुन्छ। हालका दिनमा पारिवारिक विखण्डन बढ्नुमा एकल परिवारको संस्कार बढी जिम्मेवार छ।

सरल जीवनका लागि हरेक व्यक्तिको बोली र व्यवहारमा समानता हुनुपर्छ। परिवारका सदस्यका बीचमा जिम्मेवारी र उत्तरदायित्वमा पारदर्शिता हुनुपर्छ। पछिल्लो समयमा पूर्वीय समाज विविध प्रभावका कारण प्रचलित मान्यतालाई तोडेर अगाडि बढ्न खोज्दा सामाजिक विचलन आएको छ। यस क्रममा कतिपय परिवारमा विवाह पश्चात्को असमझदारीले थप जटिलता थप्छ। परिवारभित्र शङ्का, क्लेष, प्रतिस्पर्धा आदिले यसको महत्व कम प्रतित हुन्छ। पश्चिमा देश भने एकल वा सानो परिवारबाट संयुक्त परिवारतर्फ आकर्षित हुँदै छन्।

**दिगो विकास लक्ष्य र परिवार**

परिवार वा समाजमा व्यक्तिको स्वास्थ्यको निर्माण हुन्छ। स्वास्थ्य केन्द्र, अस्पताल त केवल वर्कसप हुन् र स्वास्थ्यकर्मी मेकानिक्स; जहाँ सानातिना प्राविधिक गडबडीको मर्मत मात्र गरिन्छ। यस अर्थमा व्यक्तिको सर्वाङ्गीण स्वास्थ्य रक्षाका लागि प्राकृतिक वस्तु र सेवाको उचित उपयोग गरी दिगो विकास प्राप्त गर्न सकिन्छ। सन् १९८३ मा संयुक्त राष्ट्रसङ्घको आर्थिक र सामाजिक परिषद्ले गठन गरेको समाज विकासका सम्बन्धमा अध्ययन टोलीले सिफारिस गरेअनुसार सन १९८५ मा संयुक्त राष्ट्रसङ्घमा 'विकासका लागि परिवार'को नाममा सङ्कल्प प्रस्ताव पेस भयो।

यो प्रस्तावका बारेमा सभालाई जानकारी दिँदै तात्कालीन महासचिव जेभियर पेरेजले पारिवारिक मूल्य मान्यताको सम्बर्द्धन गर्न र नयाँ पुस्तालाई सुसंस्कृत, स्वास्थ्य र दिगो भविष्य सुम्पिन परिवारमा लगानी गर्नुपर्ने धारणा राखेका थिए। यसै कार्यको स्मरणमा सन् १९८९ लाई अन्तर्राष्टि्रय परिवार वर्ष र सन् १९९३ को १५ तारिखलाई अन्तर्राष्टि्रय परिवार दिवस विश्वव्यापी मनाउन थालिएको हो। सन् २०१५ सेप्टेम्बर २५ मा संयुक्त राष्ट्रसङ्घमा आबद्ध १९३ देशका प्रतिनिधिले सर्वसहमतिमा पारित गरेको दिगो विकास लक्ष्यका १७ उद्देश्य पूरा गर्न परिवारको भूमिका अहं हुने यसको प्राकथनमा उल्लेख गरिएबाट परिवारको महत्व थप उजागर भएको छ।

यस वर्ष २०२२ का लागि राष्ट्रसङ्घले 'परिवार र जीवन उपयोगी प्रविधि' नारा तय गरेको छ। कोभिड १९ को सन्दर्भमा अफिस, कार्यालय, स्कुल, मनोरञ्जन, यात्रा, पर्यटन आदि क्षेत्र अत्यधिक प्रभावित भएको अवस्थामा त्यसलाई सुषुप्त रूपमा भए पनि चलायमान बनाइराख्न सूचना र सञ्चार प्रविधि वरदान सावित भयो। मानिस घरमा सीमित भएको अवस्थामा परिवारलाई गाँस्ने, पेसागत तथा मानवीय मूल्य मान्यताको निर्वाह गर्ने क्रममा प्रविधिको उपादेयता निकै सहयोगी भएको सन्दर्भमा यसको थप विकास विस्तार गर्दै आगामी दिनमा पनि अधिकतम फाइदा लिने अभिप्रायले यो नारा चयन गरिएको हुनसक्छ।

**औपचारिक शिक्षा र परिवार**

परिवार बच्चाका लागि सबैभन्दा ठूलो शिक्षालय हो। शिक्षाले उसको व्यवहार निर्धारण गर्छ। आधुनिक स्कुल साक्षर उत्पादन गर्दैछन् भन्दा अतिशयोक्ति नहोला। त्यहाँ शिक्षाको व्यापार हुन्छ र उक्त व्यापारमा बच्चालाई ढाल बनाइन्छ। उक्त बजारमा हुर्किएको बच्चाले व्यक्ति, समाज र त्यहाँको व्यवस्थाप्रति सङ्कोचको नजरले हेर्न थाल्छ। स्कुलका सम्बन्धमा हाल विकास र प्रचलनमा रहेका गतिविधिको वस्तुनिष्ठ विश्लेषण र सुधारका प्रयास गर्न ढिला गर्नु हुँदैन।

बच्चाको अधिकांश आनिबानी छ वर्षको उमेरमा विकास भइसक्छन्। हाम्रोमा बच्चा दुई वर्षको भएपछि स्कुल भर्ना गरिन्छ। जसको घरमा कोही हुँदैन। अभिभावक कामकाजी छन् भने त लौ भनौँ तर माया गर्ने बाजे(बजै घरमा हुँदाहुँदै पनि स्कुलमा कलिला बच्चा भर्ना गर्ने अभिभावकले उक्त कसुरको सजाय पाउँछन्। संसारमा राम्रो शिक्षा प्रणाली भएका फिनल्यान्ड, स्विडेन, नर्वे आदि देशमा छ वर्ष उमेरसम्म बच्चाको स्कुल परिवार भन्ने मान्यता छ। हाम्रोजस्तो परिवेशमा प्रायः सबै स्कुल बच्चाको बालसुलभपनलाई निमोठ्ने र जबर्जस्ती ठूलाले आफ्नो फाइदाका लागि निर्धारण गरिएका नियममा बाँध्ने यातना गृहभन्दा अन्यथा हुँदैन। यस्तो अवस्थामा उमेर नपुग्दै स्कुल भर्ना हुने बच्चा पछि गएर अरू मानिसप्रति प्रतिस्पर्धीजस्तो हुन थाल्छ। यस्तो अवस्था अति तीव्र र गहिरो हुँदा मानिस हिंसा गर्नदेखि स्वघात गर्नसमेत तयार हुन्छ। बच्चाको सामाजिकीरणका दौरानमा कुनै व्यक्ति वा परिवारलाई देवत्वकरण गर्ने र अर्को समान हैसियतको व्यक्ति परिवारप्रति घृणा बढाउने बोली र व्यवहार गर्ने हर्कत परिवार विखण्डनका भाइरस हुन्। बच्चालाई यो मान्छे र त्यो मान्छे होइन, मानव जातिप्रति माया, करुणा, सद्भावको विकास गर्न सिकाउनुपर्छ। व्यक्ति, परिवार र समाजमा स्वास्थ्यको आधार तयार हुन्छ। स्वास्थ्य केन्द्र र स्वास्थ्यकर्मी वर्कसप र मेकानिक्सको भूमिकामा रहन्छन्।

अन्त्यमा पूर्वीय दर्शनमा मानव जीवनको थालनीदेखि परिवारको योगदानका बारेमा धेरै चर्चा गरिएको छ। यसमा परिवार, समुदायले व्यक्तिलाई नैतिक मूल्य मान्यता र जीवन जिउने कला सिकाउँछ। घर वा परिवारमा सिकेका कला उसको पेसा वा काममा दौरानमा अन्य व्यक्ति, समाजको हितमा केन्द्रित गर्न प्रयोग गर्छ। यस्तो सत्कर्मको निरन्तरताले राष्ट्र र विश्व जगत्को हित गर्छ। अतः परिवारप्रति नयाँ पुस्ताको आकर्षण बढाउने गतिविधि बढाउन परिवार, समाज र राज्यका तर्फबाट सङ्गठित प्रयास गर्नुपर्छ। हाल राज्यले अनुसरण गरेको शैक्षिक, सांस्कृतिक, सामाजिक विकासलगायत अन्य मनोरञ्जनात्मक गतिविधिमा नयाँ पुस्ताको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, उनीहरूको रुचि र क्षमताका आधारमा नेतृत्व विकासको मौका दिने, मौलिकपनसहितको आधुनिकताको विकास र विस्तारमा योगदान दिने व्यक्ति वा समूहलाई प्रोत्साहन गर्ने परिपाटीको विकास गर्न सक्यौँ भने दिगो विकासको जगको रूपमा वर्णित बलियो परिवार बनाउन मद्दत मिल्छ। बलियो परिवार स्वास्थ्यलगायत प्रकृतिको सर्वाङ्गीण विकासको भरपर्दो टेको हुन सक्छ। गोरखापत्र

परिवार बच्चाका लागि सबैभन्दा ठूलो शिक्षालय हो। शिक्षाले उसको व्यवहार निर्धारण गर्छ। आधुनिक स्कुल साक्षर उत्पादन गर्दैछन् भन्दा अतिशयोक्ति नहोला। त्यहाँ शिक्षाको व्यापार हुन्छ र उक्त व्यापारमा बच्चालाई ढाल बनाइन्छ। उक्त बजारमा हुर्किएको बच्चाले व्यक्ति, समाज र त्यहाँको व्यवस्थाप्रति सङ्कोचको नजरले हेर्न थाल्छ। स्कुलका सम्बन्धमा हाल विकास र प्रचलनमा रहेका गतिविधिको वस्तुनिष्ठ विश्लेषण र सुधारका प्रयास गर्न ढिला गर्नु हुँदैन। बच्चाको अधिकांश आनिबानी छ वर्षको उमेरमा विकास भइसक्छन्। हाम्रोमा बच्चा दुई वर्षको भएपछि स्कुल भर्ना गरिन्छ। जसको घरमा कोही हुँदैन। अभिभावक कामकाजी छन् भने त लौ भनौँ तर माया गर्ने बाजे(बजै घरमा हुँदाहुँदै पनि स्कुलमा कलिला बच्चा भर्ना गर्ने अभिभावकले उक्त कसुरको सजाय पाउँछन्। संसारमा राम्रो शिक्षा प्रणाली भएका फिनल्यान्ड, स्विडेन, नर्वे आदि देशमा छ वर्ष उमेरसम्म बच्चाको स्कुल परिवार भन्ने मान्यता छ। हाम्रोजस्तो परिवेशमा प्रायः सबै स्कुल बच्चाको बालसुलभपनलाई निमोठ्ने र जबर्जस्ती ठूलाले आफ्नो फाइदाका लागि निर्धारण गरिएका नियममा बाँध्ने यातना गृहभन्दा अन्यथा हुँदैन। यस्तो अवस्थामा उमेर नपुग्दै स्कुल भर्ना हुने बच्चा पछि गएर अरू मानिसप्रति प्रतिस्पर्धीजस्तो हुन थाल्छ। यस्तो अवस्था अति तीव्र र गहिरो हुँदा मानिस हिंसा गर्नदेखि स्वघात गर्नसमेत तयार हुन्छ। बच्चाको सामाजिकीरणका दौरानमा कुनै व्यक्ति वा परिवारलाई देवत्वकरण गर्ने र अर्को समान हैसियतको व्यक्ति परिवारप्रति घृणा बढाउने बोली र व्यवहार गर्ने हर्कत परिवार विखण्डनका भाइरस हुन्। बच्चालाई यो मान्छे र त्यो मान्छे होइन, मानव जातिप्रति माया, करुणा, सद्भावको विकास गर्न सिकाउनुपर्छ।

# उम्मेदवार छनोट नहुँदै चितवनमा राजनीतिक रस्साकसी

चितवन। चितवनमा आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार छनोटको प्रक्रियाको काम नहुँदै राजनीतिक रस्साक्स्सी सुरु भएको छ। राजनीतिक दलहरू स्थानीय निर्वाचनको तयारीमा तछाडमछाड गर्दै जुट्न थालेका छन्। त्यस्तै, भरतपुर महानगरपालिकाको मेयरमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुनः आफ्नै छोरी रेणु दाहाललाई दोहोर्‍याउन चाहानुभएको प्रष्ट भइरहदा चितवन कांग्रेसले भने रुख बाहेक अन्त मत नहाल्ने बताउँदै आएको छ।

मतपत्र च्यातेपछि पुन निर्वाचन हुँदा २०७४ मा रेणु दाहाल भरतपुर महानगरको मेयरमा निर्वाचित भएसँगै जब(जब निर्वाचन आउँछ तब चितवन जहिले चर्चामा हुन्छ। चितवनमा सात वटा स्थानीय तह छन्। तर चर्चा र सक्रियता भरतपुरमै केन्द्रित छ।

कसलाई उम्मेदवार गराउने भन्ने टुंगो नलागे पनि दलहरू चुनावी प्रचारप्रसार अभियानमा लागिसकेका छन्। नेकपा माओवादी केन्द्र चितवन जिल्ला समन्वयन कमिटीका संयोजक रामचन्द्र अधिकारीले हालसम्म भएका काम र आगामी योजना सहित घरदैलोमा जुटिसकेको बताउनुहुन्छ।

नेपाली कांग्रेस चितवनले पनि 'घरघर जाऔं कांग्रेस जिताऔं'अभियानलाई तीव्र बनाएको छ। पछिल्लो जिल्ला कार्यसमितिको बैठक बसेर गठबन्धन स्वीकार्य हुने तर भरतपुरको मेयरमा आफ्नो दाबी प्रष्ट रहेको कांग्रेसको धारणा छ। जिल्ला सभापति राजेश्वर खनालले एक्लै निर्वाचनमा जान सक्नेगरी चितवन कांग्रेस बलियो बनेको दावी गर्नुहुन्छ। नेकपा एमाले चितवन पनि घरदैलो अभियानमै छ। फागुन १३गते निर्णय गरेर २१ गतेदेखि घरघरमा एमाले टोल( टोलमा एमाले जनताको सुख र दुखमा नेकपा एमाले नारा सहित सक्रिय रहेको हो।

जिल्ला अध्यक्ष रामप्रसाद न्यौपानेले सबै पालिकामा नेकपा एमालेका उम्मेदवार विजयी गराउनेगरी अभियान थालेको बताउनुहुन्छ।

नेकपा एमालेले मतमत च्यातेको विषयलाई मुख्य एजेण्डा गराउँदै जनतामा जाने स्पष्टता भइरहदा माओवादी केन्द्रले भने यसलाई राजनीतिक मुद्दा बनाउन आवश्यक नभएको भन्दै त्यो विषय किनारा लागिसकेको दाबी गर्छ। अध्यक्ष अधिकारीले प्रतिगामीले मात्रै त्यो विषय उठाउने बताउनुहुन्छ। एकातिर केन्द्रमा गठबन्धन गर्ने चर्चा अर्कोतिर जिल्लामा एक्ला एक्लै चुनावमा जान सकिनेगरी तयारी भइरहेको बाँकी ६ पृष्ठमा

# खेलकुद

## आर्मीले अन्तर्राष्ट्रिय हाइ अल्टिच्युड ट्राइ-एडभेन्चर प्रतियोगिता गर्ने

काठमाडौं। नेपाली सेनाले क्लाइम्बिङ, दौड र साइक्लिङ विधा समावेश गरी हाइ अल्टिच्युड ट्राइ-एडभेन्चर खेलकुदको अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने भएको छ। काठमाडौंमा पत्रकार सम्मेलन गरी आगामी जेठ ७ गते मुस्ताङमा प्रतियोगिता सन्चालन गर्ने जानकारी दिएको छ। पत्रकार सम्मेलनमा नेपाली सेनाको शारीरिक सुगठन तथा तालिम केन्द्रका प्रमुख महासेनानी मुनाल बस्नेतले प्राकृतिक रुपमै उपयुक्त भौगोलिक वातावरणमा हाइल अल्टिच्युड एडभेन्चर खेलकुदको विकास र विस्तारका लागि अन्तर ाष्ट्रिय प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिए।




यसअघि २०७४ र २०७५ सालमा राष्ट्रिय प्रतियोगिता आयोजना गरेको आर्मीले पहिलोपल्ट अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न लागेको हो। यसपल्ट श्रीलंका, बंगलादेश, चीन, अमेरिका, बेलायत, भारत, पाकिस्तान, दक्षिण कोरिया, इजरायल र माल्दिभ्सबाट मिलिटरी टिमको सहभागिता रहने सेनाले जानकारी दिएको छ। त्यसबाहेक नेपालबाट सिभिलसमेत गरी १५ टिमको सहभागिता रहनेछ। १०० मिटर क्लाइम्बिङ, ४.७५ किलोमिटर दौड र १५.३५ किलोमिटर साइक्लिङ विधा समावेश गरिएको छ। प्रतिस्पर्धाको सुरुआती र अन्तिम विन्दू एकै ठाउँमा रहने व्यवस्था मिलाइएको छ। एउटा टोलीमा २ जना खेलाडी रहनेछन्। टिमका दुवै खेलाडीले एकै समयमा सबै विधा पूरा गर्नुपर्ने नियम तोकिएको छ। दुईमध्ये एउटा खेलाडीले खेल पूरा गर्न नसकेको अवस्थामा टिमलाई मान्यता नदिइने आर्मीका एडभेन्चर खेलकुद प्रमुख सेनानी राजीव चन्दले जानकारी दिए। प्रतियोगितामा उपाधि विजेताले ३ लाख, उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख रुपैयाँ पुरस्कार पाउनेछन्। एडभेन्चर स्पोर्टसमा महिलाको सहभागिता न्यून हुने भएकाले उनीहरुको प्रोत्साहनका लागि महिलातर्फ छुट्टै पुरस्कारको व्यवस्था गरिएको छ। महिलातर्फ विजेताले १ लाख, उपविजेताले ७५ हजार र तेस्रो हुनेले ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। विदेशीबाट आमन्त्रित टिममा भने पुरुष खेलाडीको मात्र सहभागिता रहनेछ। प्रतियोगितामा सहभागिताका लागि आर्मीले हाई अल्टिच्युडमा प्रतिस्पर्धा गर्न सक्ने प्रतिस्पर्धी छनोट गर्ने बताएको छ। छनोट भएकाहरुलाई हाइ अल्टिच्युडमा घुलमिल हुनका लागि विदेशी खेलाडीको हकमा ६ दिन र नेपाली खेलाडीका लागि ३ दिनअघि नै खेलस्थलमा पुर्‍याइने व्यवस्था मिलाएको सेनानी चन्दले जानकारी दिएका छन्। आर्मीको यो प्रतियोगिताका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय एडभेन्चर खेलकुद संस्थासँग समन्वय गरेको छैन। यसअघिको अनुभवका आधारमा आफैंले अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न लागेको महासेनानी बस्नेतले पत्रकार सम्मेलनमा जानकारी दिए।

## घोराही टाइगर्सले जित्यो दाङ क्रिकेट लिगको उपाधि

दाङ। दाङ क्रिकेट लिगको उपाधि घोराही टाइगर्सले जितेको छ। दाङ जिल्ला क्रिकेट संघको आयोजनामा भएको प्रतियोगिताको फाइनलमा देउखुरी वारियर्सलाई ६ रनले पराजित गर्दै घोराहीले पहिलो संस्करणको उपाधि जितेको हो। टस जितेर पहिले ब्याटिङ गरेको घोराहीले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १ सय ३३ रन बनाएको थियो। घोराहीका लागि विराट भण्डारीले ३२ रन बनाए। देउखुरी वारियर्सका अमित तामाङ र नारायण जोशीले समान ३ विकेट लिए। घोराहीले दिएको १ सय ३४ रनको लक्ष्य




पछ्याएको देउखुरीले पुरै ओभर खेल्दै ८ विकेटको क्षतिमा १ सय २७ रन मात्रै बनायो। देउखुरी वारियर्सका प्रज्वल थापाले ५१ रन बनाए पनि टोलीलाई जिताउन सकेनन्। बलिङतर्फ अनुप न्यौपानेले ४ ओभरमा १५ रन दिँदै ४ विकेट लिए। रासिद खान र सिद्धान्तराज शाहीले समान २ विकेट लिए। उपाधि विजेता घोराही टाइगर्सले नगद २ लाखसहित ट्रफी उचालेको छ भने उपविजेता देउखुरी वारियर्सले १ लाखसहित ट्रफी प्राप्त गरेको छ।

## राष्ट्रिय तेक्वान्दोमा बागमती बन्यो टिम च्याम्पियन

काठमाडौं। बाग्मती प्रदेशले १७ औं राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको उपाधि जितेको छ। बाग्मतीले ९ स्वर्ण, ४ रजत र ११ कांस्य जित्यो। शनिबार सातदोबाटोस्थित तेक्वान्दो एकेडेमीको हलमा भएको प्रतियोगितामा ५ स्वर्ण र १ कांस्यसाथ नेपाल प्रहरी दोस्रो भयो। तेस्रो स्थानको लुम्बिनी प्रदेशले ३ स्वर्ण, ४ रजत र ५ कांस्य हात पार्‍यो। सिनियरको पुरुषमा लुम्बिनीका नवराज बस्नेत तथा महिलामा प्रहरीकी कञ्चन थापा उत्कृष्ट खेलाडी घोषित भए। जुनियरको पुरुषमा प्रदेश १ का सुशान्त थापा तथा महिलामा सुदूरपश्चिम प्रदेशकी गीता कठायत उत्कृष्ट खेलाडी चुनिए।

## स्थानीय निर्वाचन.....

मनोनित गर्नपाउने व्यवस्था बमोजिम थपिएका थिए । जसमा संविधानले ति पछि पारिका भनेर उनिहरुलाई अग्रस्थानमा ल्याई उनिहरुका पछि पारिका आफ्ना वर्ग, समुदायलाई अगाडी ल्याउन भुमिका निर्वाह गरुण भन्ने थियो । केही वडाहरुलाई छोडेर हेर्दा अधिकाँस स्थानीय निकायमा ति महिला, दलित, जनजाति कार्यपालिका सदस्यमा क्षमता भएकाहरुलाई भन्दा पार्टीको वा पालिकास्तका प्रतिनिधिले जा जे भन्यो त्यो मान्ने पात्र मात्रले अवसर पाउदा वास्तविक उदेश्य राखेर गर्न खोजियको पिछडीका वर्गको उत्थानमा हुन सकेको देखिदैन । उनिहरुको काम कार्यपालिका बैठकमा गएर सहीछाप गर्दै भत्ता बुझ्न बाहेक अरु काम गर्नुनपरेको समावेशी कोटाबाट प्रतिनिधि गरेकाहरुले दिएको अभिव्याक्तिवाट प्रष्टि सकेको छ ।

यो समस्या एउटा देशको असफल उदारण हो । कतै कतै औलामा गन्न सकिने राम्रा काम भएको भएपनि अधिकाँस स्थानीय निकायमा भने थुप्रै विसंगतिहरुले देशलाई बेरेको देखिन्छ ।

स्थानीय सरकारलाई दिएको ३३ वटा मौलिक हक प्रयोग गर्ने अधिकार छ । अधिकारले सम्पन्न भएको स्थानीय सरकारले देश र जनताको हितमा काम गर्नुपर्ने ठाउमा शक्तिको दुरुपयोग गर्दै अधिकाँस स्थानीय निकायमा जुन पार्टीले पालिका जितेका हुन तिनै पार्टीले आफ्ना कार्यकर्तालाई जथाभावी करार कर्मचारी नियुक्ति गरेर जागिर ख्वाउने जनताको सुविधाको लागि आएका सवारी साधनहरु पार्टी काममा चरम रुपमा प्रयोग गर्ने भोजभतेर गर्ने र पालिकाका प्रमुखहरुले मनोमानी ढंङगबाट कागजमा विकास देखाई अनियमियमितता गरेर ५ बर्षे कार्यकाल बिताउदै छन् ।

पालिका प्रमुखहरुको गाउँमा विकास गर्न दिएको बजेट दुरुपयोग गरेर उनिहरुको काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा घर घडेरी जोड्ने छोराछोरीलाई अष्ट्रेलिया, अमेरिका पठाउने, नेपामा नै पढाउनु परेमा पनि महगो कलेजमा पढ्न पठाउने महगा गाडी खरिद गर्ने शिवाय अन्य गणना गर्न लायक काम काही भएको देखिदैन ।

२०७९ बैशा ३० गतेको निर्वाचन कस्तो होला ?

आउदै गरेको स्थनीय निर्वाचन कस्तो होला भनेर गाउँ गाउँमा मेलापात देखि घाँस दाउरासम्म शहरका चिया चमेना देखि फाइभस्टार होटलसम्म स्थानीय निर्वाचनको कुरा चलिरहेका छन् । तल्लो तहमा जनताहरु यो पार्टी त्यो पार्टीलाई जिताउने हराउने र पार्टी छोड्ने पार्टीमा प्रवेश गर्ने पुरानो तरिका यो निर्वाचनमा पनि देखिएकै छ । पार्टी फरक भएकै कारणले गाउ घरहरुमा पानी वारवारको स्थिति पनि उत्पन्न हुने गरेको छ । यसरी जनतालाई विभाजन ल्याउने चुनावले जनताको हितमा विगतमा काम गरेको छैन । २०७९ को स्थानीय निर्वाचनले पनि खासै प्रगतिउन्मुख गर्छ भन्ने पत्यारिलो आधार देखिदैन । स्थानीय सरकार चलायर वसेका जनताको नाममा आयका स्रोत साधन दुरुपयोग गरेर किर्नो भैं मोटाएका छोटे राजाको उपमा पाए जस्तै सान, मान, हल हज्जत अगडी पछाडी लगाएर हिड्न बानी परिसकेकाहरु नै स्थानीय निर्वाचनमा पुनः टिकट लिएर दोहोऱ्याउने दाउमा पालिका कमिटी, जिल्ला कमिटी त्यहापनि नसके केन्द्रमा पैशाको मुट्ठो बुझाएर भएपनि छोटा तानाशाह बन्ने अभियानमा जुटेका देखिन्छन् ।

यस्ता क्रियाकलापहरु देख्दा २०७९ सालको स्थनीय निर्वाचनमा पनि विगतका गा.वि.स. अध्यक्षहरु पुनः नयाँ व्यावस्थामा दोहोरिए जस्तै २०७९ को स्थानीय निर्वाचनमा पनि २०७४ सालमा चुनाव लडेकारुनै दोहोरिदा देशले खोजेको जनताले चाहेको परिवर्तन हुने देखिदैन ।

देशले अरुवौं अरव खर्च गरेर देशको अधिक भार व्योहोरेर गर्ने यस्ता निर्वाचनले देश र जनताको पक्षमा हुदैन भने यस्ता निर्वाचनको कुनै औचित्य हुदैन । त्यसकारण नेपालका जिम्मेवार पार्टीहरुले पार्टीको दस्तावेजले लिएका उदेश्य पुरा हुने गरी आफ्ना कामहरु अगाडी बढाउनु पर्छ र पार्टीभित्र फैलदै टिक्यास प्रवृति अर्थात (अप्रत्यक्ष शक्तिशाली पार्टीका नेतालाई पैशा दिएर टिकट लिने) चलनको अन्त्य गरेर पार्टीको उदेश्य विचार सिद्धान्त र जनताको पक्षमा काम गर्ने आर्दशवादी नेता कार्यकर्ताले अवसर पाउने वातावरण बनाउन जरुरी छ । त्यो गर्न नसकेमा देशको भविष्य नै अन्धकारतिर धकेलिने सम्भावना रहन्छ । त्यसकारण राजनीतिक पार्टीहरुले यता पर्टी ध्यान दिउन ।

## स्थानीय तहको.....

८७ प्रतिशत मान्छे स्वतन्त्र छन् । १३ प्रतिशत मात्रै राजनीतिक दलका सदस्य छन् । १३ प्रतिशतले ८७ प्रतिशत मान्छेलाई राज गरिरहेको छ । त्यो सिन्डिकेड तोड्न स्वतन्त्र अभियान आवश्यक छ ।'

स्वतन्त्र उम्मेद्वार अभियानमा पाका कम्युनिष्ट नेता बद्री खतिवडाले पनि केहि बेर बोले । राष्ट्रियताको विषयमा धेरै समय बोलेका नेता खतिवडाले भने 'स्यालहरु सिंह बन्न सक्दैनन्, अब स्वतन्त्र युवाहरु सिंह बन्नुपर्छ जसले आफ्नो देशको लागि आँखा जुधाएर कुरा गर्नसक्नुपर्छ ।'

यस्तै तेस्रो लिङगिहरुको अधिकार र न्यायको लागि काम गर्दै आएको ब्लु डाइमण्ड सोसाइटीको अध्यक्ष पिंकी गुरुङले स्वतन्त्र उम्मेद्वारको आवश्यकता आफूहरुले पनि महसुस गरिरहेको बताइन् । उनले जनआन्दोलनको टियर ग्याँसले पोलेको आँखा अहिले नेताहरुको हर्कतले रसाउने गरेको भन्दै भनिन् 'फेरि चुनाव आएको छ । चुनावमा राजनीतिक दलका नेताहरुले फेरि लुट्ने हुन कि भन्ने डरमा छु ।'

## नेपाली....

गर्ने कामको प्रतिवद्धताका आधारमा चुनाव जित्ने हाम्रो प्रयत्न हो,' उनले भने ।

सेटिङमा चलेको विषाक्त छालले निर्वाचन आयोगलाई पनि प्रभावित गर्न सक्ने भन्दै उनले संवेदनशिल विषयमा निर्णय गर्दा पनि आयोगले दलहरुसँग छलफल नै नगरेको बताए । 'मनोनयन दर्ता गर्ने समय दुई दिन रे । केका लागि दुई दिन ?', उनले भने, 'आयोगले पनि दलहरुसँग परामर्श गरेको छैन । मतपत्रको रङको विषय पनि अनौठो छ ।' स्थानीय आवश्यकताका आधारमा स्थानीय तहमा चुनावी तालमेल हुनसक्ने उनले बताए । चुनावका लागि केन्द्रीय तहबाट भने गठबन्धन नहुने उनले बताए । 'स्थानीय आवश्यकता अनुसार स्थानीय तहमा अन्य दलसँग तालमेल गर्नु अलग कुरा हो । तर, केन्द्रीय तहबाट कुनै दलसँग चुनावी तालमेल हुँदैन,' उनले भने । एमाले कुनै दलसँग गठबन्धन गर्ने पक्षमा नरहेको उनले बताए । प्रचण्डले कम्युनिष्ट पार्टी विभाजन गरेर कांग्रेसलाई सत्ता सुम्पिएको भन्दै उनले माओवादी केन्द्रसँग गठबन्धन नहुने दाबी गरे ।

## गठबन्धन......

गर्न आवश्यक नरहेको बताउँदै कांग्रेस कमजोर भएको ठाउँमा मात्रै तालमेल गर्नुपर्ने बताए । नुवाकोटका पूर्व सभापति जगदीशनरसिंह केसीले कांग्रेसले कांग्रेस उम्मेदवारलाई मतदान गर्ने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिए । महासमिति सदस्य देवराज चालिसेले शक्तिको राजनीतिले कांग्रेसलाई कमजोर बनाएको उल्लेख गरे । जिल्ला सभापति जितप्रकाश आलेले पार्टीको आन्तरिक विग्रहका कारण कांग्रेस कमजोर हुँदै गएकाले एकढिक्का भएर निर्वाचनमा जानुपर्नेमा जोड दिए ।

## स्थानीय.......

पब्लिक अडिट गर्ने र सुनुवाइ गर्ने कानुनी व्यवस्था गरिने उल्लेख हुनु जरुरी छ । हरेक स्थानीय तहका युवा बेरोजगारका लागि स्थानीय तहको आवश्यकताअनुसार सीपमूलक तालिम सञ्चालन र उद्यम सञ्चालन गरी स्वरोजगार एवं उद्यमी बन्न प्रेरित गर्ने र युवा बेरोजगारहरूको सीप विकासका लागि घरेलु तालिम विकास केन्द्रलाई पुनर्संरचना गरी स्थानीय आवश्यकता, रुचिअनुरूप घुम्ती तालिम शिविर प्रदान गर्ने र सीप विकास तालिम लिएकालाई स्थानीय सरकारको सिफारिसमा स्थानीय बैंकबाट सस्तो दरमा ऋण उपलब्ध गराउने नीति अवलम्बन गरिनुपर्छ । यसरी उद्यम गरी उत्पादित वस्तुको मूल्य र बजारको सुनिश्चितताका लागि सहकारी संस्था स्थापना गरी सोमार्फत बिक्रीवितरणको व्यवस्था गर्नुपर्छ ।

जनतालाई आधारभूत सेवा उपलब्ध गराउन जनउपयोगी सार्वजनिक संस्थानको सेवा हरेक स्थानीय तहमा विस्तार गरिनुपर्छ । केन्द्रीकृत ढाँचामा रहेका सार्वजनिक संस्थानमध्ये जनउपयोगी खाद्य आपूर्ति केन्द्र, कृषि सामग्री केन्द्र, बिउबिजन केन्द्र, नेपाल औषधि लिमिटेड, दुग्ध विकास संस्थानलाई नयाँ ढंगले व्यापक पुनसंरचना गरी स्थानीय सरकारलाई पनि यी संस्थानको सेयर स्वामित्वमा सहभागी गराई हरेक स्थानीय तहमा १/१ वटा सार्वजनिक संस्थानका शाखा स्थापना गरी सेवाप्रवाह गर्ने प्रतिबद्धता चुनावी घोषणापत्रमा उल्लेख हुनु जरुरी छ ।

स्थानीय विकास निर्माणका कार्यमा राजनीतिक दलको जनसहभागिता अभिवृद्धि गर्न श्रमदान शिविर⁄अभियान सञ्चालन गरिनेछ । स्थानीय जनताको रोजगारी अभिवृद्धि गर्नेगरी विकासका योजना सञ्चालन गर्ने प्रतिबद्धता पनि चुनावी घोषणापत्रमा उल्लेख हुनु आवश्यक छ ।

यसका साथै स्थानीय तहमा श्रम क्षेत्रको व्यवस्थापनमा स्थानीय सरकारको अग्रणी भूमिका हुन आवश्यक छ । स्थानीय तहमा रोजगारीमा लागेका, बेरोजगार भएकाको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने, वैदेशिक रोजगारीमा गएका श्रमिकको तथ्यांक व्यवस्थित गर्ने, उनीहरूले विदेशमा भोगिरहेका समस्या'दयगत जानकारी लिने, घर परिवारलाई काउन्सिल गर्ने, वैदेशिक रोजगारीमा गएर आर्जन गरेको कामलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने गरी संयन्त्र निर्माण गर्ने काम पनि हुनु जरुरी छ । यस्तै, स्थानीय स्तरमा श्रमशोषण हुन नदिन श्रमिकले पाउने ज्याला निर्धारण गर्ने, उनीहरूलाई पनि सामाजिक सुरक्षाकोषमा आवद्ध गर्ने, स्थानीय स्तरका सरकारी विद्यालय र कार्यालयरुमा अस्थायी, ज्यालादारी र करारमा काम लगाएर श्रमशोषण भइरहेको विषयलाई अन्त्य गर्नेजस्ता प्रतिबद्धता पनि राजनीतिक दलले चुनावी घोषणापत्रमा उल्लेख गर्नु आवश्यक छ ।

## उम्मेदवार.....

बताउने स्थानीय नेताहरु जसका कारण चितवनमा थप रोचक र चासो बढ्दै गएको छ । भरतपुरको मेयरमा प्रचण्डले पुनः आफ्नै छोरी दाहाललाई दोहोऱ्याउन चाहानुभएको प्रष्ट भइरहँदा चितवन कांग्रेसले रुख बाहेक अन्त मत नहाल्ने बताइरहेका छन् ।

## हल्दीबारी.....

गरे" लिङदेनले भन्नुभयो । लिङदेन आसन्न स्थानीय तह निर्वाचनमा पुनः सोही गाउँपालिकाको अध्यक्षमा उम्मेदवार बन्ने तयारीमा हुनुहुन्छ । स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० गते हुँदैछ ।

## नक्कली परीक्षार्थी बनि परीक्षा दिईरहेको अवस्थामा पक्राउ

काठमाडौं, चिकित्सा शिक्षा आयोग भक्तपुर सानोठिमीद्वारा सञ्चालित चिकित्सा शिक्षा स्नातक तहको एकिकृत प्रवेश परीक्षामा नक्कली परीक्षार्थी बनि परीक्षा दिइरहेका ४ जना र आफ्नो परीक्षा अरूलाई दिन लगाउने १ जना गरी जम्मा ५ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा महोत्तरी सम्सी गाउँपालिका-४ ठेगाना भएका २२ वर्षीय अमर पण्डित, सर्लाही चक्रघट्टा गाउँपालिका-४ ठेगाना भएका २२ वर्षीय अनिकेत चौधरी, सप्तरी राजगढ गाउँपालिका-१ ठेगाना भएका २६ वर्षीय राम आशिष यादव, भारत विहार रफिगञ्ज ठेगाना भएका २४ वर्षीय ईस्तियाख अहमद र महोत्तरी सम्सी गाउँपालिका-५ ठेगाना भएका २३ वर्षीय सन्नी कुमार साह रहेका छन् । चिकित्सा शिक्षा स्नातक तहको एकिकृत प्रवेश परीक्षामा नक्कली परीक्षार्थीहरू सहभागी हुन सक्ने भन्ने सूचनाको आधारमा परीक्षा अनुगमनका लागि महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उपत्यकास्थित सिसिआरसि कलेज, एम्बिसन कलेज, ग्रामर स्कुल लगायतका परीक्षा केन्द्रहरूबाट उनीहरूलाई परीक्षा दिइरहेको अवस्थामा नक्कली प्रवेशपत्र र नेपाली नागरिकता सहित फेला पारी पक्राउ गरेको हो ।

उनीहरूमध्ये अमर र अनिकेतलाई सिसिआरसि कलेज कुमारीपाटी ललितपुरबाट, राम आशिषलाई ग्रामर स्कुल कोटेश्वरबाट र ईस्तियाख अहमदलाई एम्बिसन कलेज मध्य बानेश्वरबाट पक्राउ गरेको हो । साथै सन्नी कुमार साहले ईस्तियाख अहमदलाई आफ्नो नाममा परीक्षा दिन लगाई आफू बाहिर बसिरहेको अवस्थामा फेला पारी उनलाई समेत प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर काठमाडौं र महानगरीय प्रहरी परिसर ललितपुरमा पठाइएको छ ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं, बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी तारकेश्वर नगरपालिका-५ बस्ने ईलाम सन्दकपुर ठेगाना भएका ४२ वर्षीय डाकमान गुरुङलाई आइतवार प्रहरीले पक्राउ गरेको छ ।

उक्त मुद्दामा उच्च अदालत पाटनको गत फागुन २९ गतेको फैसलाले ३ दिन कैद र १५ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं बौद्धबाट पक्राउ गरेको हो । डाकमानले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी जानी पीडितलाई झुक्यानमा पारी प्रभु बैंक लिमिटेड सिनामंगल काठमाडौंमा रहेको निजको खाताबाट रकम भुक्तानी हुने भनी चेक दिएको ठहर गरी अदालतले उक्त फैसला गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ ।

## अनलाईन बिङ्गो खेलिरहेको अवस्थामा १६ जना पक्राउ

काठमाडौं महानगरपालिका ६ बौद्ध प्लाटिडस्थित खाजा घरबाट अनलाईन बिङ्गो खेलिरहेको अवस्थामा कागेश्वरी मनोहरा नगरपालिका(७ शिवचोक बस्ने सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका १ घर भएका २५ वर्षीय पासाङ शेर्पा लगायत १६ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । उक्त खाजा घरमा अनलाईन बिङ्गो खेल खेलिरहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७४ हजार १ सय ५० रूपैयाँ सहित पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूको साथबाट १ हजार ५ सय पिस बिङ्गो टिकट र २ थान स्पिकर समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# अन्तराष्ट्रिय समाचार

## रुसी सेना युक्रेनको राजधानी कीभबाट पछि हट्दै

काठमाडौं । युक्रेनले राजधानी कीभको सम्पूर्ण क्षेत्रमा आफ्नो पूर्ण नियन्त्रण आएको दावी गरेको छ । रुसी सेना राजधानी कीभको महत्वपूर्ण नाकाहरुबाट पछि हटेको युक्रेनको भनाई छ । कीभ नजिकको एउटा विमानस्थल पनि रुसी सेनाले छाडेका छन् । गत २४ फेब्रअरी देखि सुरु भएको युद्धका बीच राजधानी कीभ वरपरको सम्पूर्ण क्षेत्र फिर्ता भइसकेको युक्रेनले जनाएको हो । यी दुई राष्ट्रबीचको युद्धका कारण हालसम्म ४० लाख युक्रेनीहरु शरणार्थीको रुपमा पलायन भइसकेका छन् । उता, युक्रेनको बुचा शहरमा सर्वसाधारणका थप बेबारिसे शवहरु फेला परेका छन् । समाचार संकलनका क्रममा पुगेका ए.एफ.पी.का एक जना पत्रकारका अनुसार कम्तिमा २० वटा शव फुटपाथमा छरिएको अवस्थामा देखिएको हो । यसैबीच, बुचा शहरका मेयर अनातोली फेडोरुकले रुसी सेनाको आक्रमणमा उनीहरुको मृत्यु भएका पुष्टि गर्नुभएको छ । सोही शहरमा पछिल्लो समय २ सय ८० वटा शवको सामुहिक अन्त्यष्टि गरिएको थियो ।

## मालीमा ३ सय विद्रोही मारिए

अफ्रिकी मुलुक मालीमा सेनाको कारबाहीमा २ सय ३ जना विद्रोही लडाकु मारिएका छन् । मालीको सालेश राज्यमा गत केही साताहेखि जारी कारबाहीमा उनीहरु मारिएको मालीको सेनाले दावी गरेको छ । कारबाहीकै क्रममा ५१ जना पक्राउ परेका छन् भने ठुलो परिमाणमा हातहतियार बरामद गरेको जनाइएको छ । दशकौंदेखि हिंसात्मक विद्रोह गर्दै आएको लडाकु समुह पछिल्लो समय सक्रिय हुन थालेपछी सेनाले उनीहरु बिरुद्ध कारबाही तीब्र बनाएको हो । मालीमा द्वन्द्वका कारण हजारौं विस्थापित भइसकेका छन् । सो विद्रोही समुहले पछिल्लो समय मालीको मोरा गाउँमा गरेको आक्रमणमा ३ सय नागरिकको ज्यान गएको थियो । मालीमा इस्लामिक स्टेट आइएस र अलकायदा सम्बद्ध विद्रोही समूह सक्रिय छन् । करिब २ करोड १० लाख जनसंख्या रहेको मालीका विभिन्न शहर सन् २०१२ देखि विभिन्न विद्रोही र मिलिसियाको नियन्त्रणमा छ ।

## श्रीलंकाको राजधानी कोलम्बोमा अनिश्चितकालीन कर्फ्यू जारी

काठमाडौं । आर्थिक संकटग्रस्त श्रीलंकामा सरकार विरोधी प्रदर्शन चर्किएपछि राजधानी कोलम्बोमा अनिश्चितकालीन कर्फ्यू लगाईएको छ । बिहिबार भएको प्रदर्शन हिंसात्मक बन्दै नियन्त्रण बाहिर गएपछि प्रशासनले कर्फ्यू लगाएको हो । प्रदर्शनकारीहरुको ठूलो समूह राष्ट्रपति गोताबाय राजापाक्षेको निवासतर्फ ओइरिएपछि प्रदर्शन थामि नसक्नु भएकोथियो । राष्ट्रपति राजापाक्षेको राजीनामा माग्दै सडकमा उत्रिएका प्रदर्शनकारीले सार्वजनिक भवनहरूमा इटा प्रहार गर्नुका साथै तोडफोड र आगजनी गरेका थिए । उनीहरुले पुलिसका गाडीहरु समेत जलाएका छन् । विदेशी मुद्रा सञ्चिती घटेर सरकार समस्यामा परेपछि श्रीलंकामा औषधिको समेत अभाव रहेको छ भने महंगीको मार परेको छ ।

## श्रीलंकाका सर्वसाधरण सरकार विरुद्ध प्रदर्शनमा उत्रे

काठमाडौं । आर्थिक संकटमा फसेका श्रीलंकाका सर्वसाधरण सरकार विरुद्ध प्रदर्शनमा उत्रेका छन् । खाद्यान्न अभाव र मंहगीको बिरोधमा रातको समयमा कोलोम्बोमा भेला भएका उनीहरु राष्ट्रपति गोटाबाया राजपक्षेको घरतर्फ अघि बढ्दा प्रहरी र सर्वसाधारणबीच झडप समेत भएको छ । करिब ५ हजारको संख्यामा भेला भएका प्रदर्शनकारीले सरकार विरुद्ध चर्को नारा लगाउनुका साथै सडक अवरुद्ध गर्दा प्रहरीले उनीहरुमाथि धरपकड गरेको हो । सेना र प्रहरीको गाडीमा समेत आगजनी गरेपछी प्रहरीले अश्रुग्यास रबरको गोली प्रहार गर्दा केही प्रदर्शनकारी घाइते भएका छन् । सोही क्रममा केही प्रदर्शनकारीहरुले राष्ट्रपति निवासको पर्खाल चढ्ने प्रयास गर्दा ४५ जना प्रदर्शकारी पक्राउ परेका छन् । श्रीलंकामा केही दिन अघि लगाइएको कर्फ्यू हटे लगत्तै विरोध प्रदर्शन भएको हो । प्रदर्शनकै बीच राजधानी कोलोम्बो लगाएत अन्य शहरहरुमा सेनासमेत परिचालन गरिएको छ । ऋणको बोझमा रहेको श्रीलंकाले गम्भीर आर्थिक संकटको सामना गरिरहेको छ ।

## रुससँग पेट्रोलियम पदार्थ खरिद गर्न नयाँ नियम लागू

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुससँग पेट्रोलियम पदार्थ खरिद गर्न चाहने देशले रुसी बैंकमा रुसी मुद्रामै खाता खोल्नुपर्ने नयाँ नियम लागू गरेका छन । रुसबाट ग्यास खरिद गरिरहेका देशहरुले रुसमाथिको अमेरिकी नाबाकन्दीलाई साथ दिएपछि रुसले यस्तो प्रावधान लागू गरेको हो । रुसी व्यवस्थाको जर्मनीले भने विरोध गरेको छ । अन्तर्राष्ट्रिय ग्यास कारोबारको मुद्दालाई राजनीतिक हिसाबले ब्ल्याकमेलीङ नगर्न जर्मनीले रुसलाई सचेत तुल्याएको हो । रुसले भने पश्चिमाहरुको नाकाबन्दीको सामना गर्न आफूसँग रुसी मुद्रामै कारोबारको ग्यारेन्टी हुनुपर्ने अडान लिईरहेको छ । यही अप्रिल १ अर्थात आजदेखि रुसी मुद्रामा कारोबार नगरे ग्यास आपूर्ती रोकिदिने चेतावनी रुसले दिएको छ । खासगरी रुससँग मित्रवत सम्बन्ध नराख्ने मुलुकहरुको लागि यो प्रावधान लागू गरिएको रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको तर्क ।


## युक्रेन छोड्नेको संख्या ४० लाख नाघ्यो

रुसले आक्रमण सुरू गरेदेखि हालसम्म युक्रेन छोड्नेको संख्या ४० लाख नाघेको छ । यो संख्या युद्धको सुरुमा गरिएको अनुमान भन्दा सबैभन्दा बढी हो । संयुक्त राष्ट्रसंघका अनुसार पलायनको गति र मापन दोस्रो विश्वयुद्धताका भन्दा बढी रहेको छ । राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले ५ हप्ताको अवधिमा देशका अनुमानित ७५ लाख बालबालिकामध्ये आधाभन्दा बढी विस्थापित भएको बताएको छ । २५ लाख आन्तरिक र १८ लाख विदेशमा विस्थापित भएको जनाइएको छ । देश छोडेर भागेकामध्ये ९० प्रतिशत महिला र बालबालिका रहेका छन् । शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चयुक्त युएनएचसिआरले युद्धले अन्ततः चार लाख शरणार्थीहरू सिर्जना गर्न सक्ने बताएको छ ।

## चीनको संघाईमा गरिएको लकडाउन थप कडाइका साथ लागू

चीनको संघाईमा कोरोनाको संक्रमण पत्ता लगाउन दुई वर्षयताकै सबैभन्दा कडा लकडाउन लागू गरिएको छ । संघाईले पहिलाको कोरोना महामारीमा सीमित स्थलहरूमा मात्रै लकडाउन गरिएको थियो । जसमा आवासीय परिसर र कार्यस्थलहरू बन्द गरिएको थियो । तर, अहिलेको लकडाउन अहिलेसम्मकै सबैभन्दा कडा गरिएको हो । चीनको सबैभन्दा बढी जनसंख्या भएको सहर संघाईमा सोमबारबाट दुई वर्षपछि सबैभन्दा कडा लकडाउन लागू गरिएको हो । लकडाउन भएको १ दिनपछि नै थप कडाईका साथ लागु गरिएको छ ।

# पुस्तक चर्चा : गहन लघुकथाको सँगालो 'छोइछिटो'




दीपक मङ्गाती खोटाङमा जन्मी, हुर्की धरानमा शिक्षादीक्षा प्राप्त गरे । पढाइका क्रममा धरान इन्जिनियरिङ क्याम्पसमा निबन्ध लेखन प्रतियोगितामा उनी पुरस्कृत भएका थिए । 'आमाको चिठी परदेशी छोरालाई' शीर्षकमा लेखेको उनको निबन्ध पुरस्कृत भएपछि उनमा साहित्यप्रति रुचि बढ्दै गयो ।

जीवन सङ्घर्षका क्रममा मङ्गाती हङ्कङ हानिए । त्यहाँ उनले नेपाली साहित्य प्रतिष्ठानको सदस्य भएर 'अबिराम' पत्रिका सम्पादनको जिम्मेवारी पाए, जसमा 'अन्तिम पत्र', 'प्रायश्चित्तको फूल' 'अबिराम' लगायतका लघुकथा प्रकाशन गरे ।

पत्रिकाको स्तम्भ 'लघुकथाको कुनो'मा नियमित लघुकथा प्रकाशन भएपछि यस विधामा निरन्तर केन्द्रीत भए, तिनै लघुकथाहरूको सङ्ग्रह हो 'छोइछिटो' ।

यस सङ्ग्रहमा अछुत, भाडाको लोग्ने, अर्ग्यानिक, सीमारेखा, सौतेलो बाउ, प्रबोधन, मनको बाघ, मैले नबुझ्को ह्रस्वदीर्घ, कथा एउटा चेलीको, लोग्नेस्वास्नी, रक्तिम भेरी, हामी नेपाली, तीजको व्रत, तार्किब, सोच, सङ्कीर्णता, सम्पत्ति, सद्भाव, प्रतिविम्ब, पोइला जान पाऊँ, पीडा, परिवेश, पैसा लगायत ५७ वटा लघुकथा समेटिएका छन् ।

सङ्गहित लघुकथाहरूमा उनले जीवनका भोगाइहरूलाई सजीव रूपमा उतारेका छन् । नेपाली समाजमा रहेको सामाजिक विभेद, पारिवारिक जालझेल, परदेशिँदाका पीडा तथा यौनविकृति जस्ता पक्षमाथि उनले गहन रूपमा उजागर गरेका छन् । समाजमा रहेको वर्गीय विभेद, असमानात, अन्याय, जालझेल, उच्छृङ्खलता, बेरोजगारी नातावाद, कृपावादका साथै पारिवारिक समस्याहरूलाई उनले लघुकथाको विषयवस्तु बनाएका छन् ।

नेपाली समाजको वर्गीय स्वरूप आर्थिक विषमता मात्र होइन, यहाँ राजनीतिक विभेद पनि त्यतिकै छ । यसै गरी सामाजिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक र शैक्षिक विविधताहरू नेपाली समाजका विशेषता हुन् । तर यही विविधता विभेदका कारण बनेका आधारहरू उनका लघुकथामा पाइन्छ ।

छुवाछूत ग्रामीण नेपाली समाजको सबैभन्दा ठूलो समस्या हो । बेलाबेला यो समस्या सहरहरुमा पनि देखिने गरेको छ । त्यस्ता विभेदमाथि उनको अछुत कथाले निर्मम प्रहार गरेको छ । मिजार जातिको आमा र छोरा आँधी आएको बेलामा मन्दिरमा ओत लाग्ने प्रयास गर्छन् तर त्यहाँका पूजारीले तल्लो जातको मानिस भित्र पस्नु हुँदैन भनेपछि त्यहाँबाट हिँड्छन् । तर एउटा लुते कुकुर त्यही मन्दिरभित्रै सुतिरहेको हुन्छ । यसले कथित तल्लो जातलाई कुकुर जति पनि नठान्ने माथिल्लो जाति माथिको मानवीय चेतमाथि निर्मम प्रहार गरेको छ ।

यस्तै भाडाको लोग्ने कथाले नेपाली समाजमा बढ्दै गएको यौनविकृतिमाथि व्यङ्ग्य गरेको छ । यौन आशक्तिका कारण एक महिला कलिली छोरीलाई छाडेर परपुरुषसँग जान्छे । तर त्यो पुरुष जँड्याहा र झगडालु हुन्छ । उसले त्यो महिलालाई यौनव्यापारमा लगाउँछ । यी र यस्तै कथावस्तुहरु समेटेर लेखेका लघुकथाले पाठकको मन जित्ने खालका छन् ।

हङकङ बसेर साहित्य सिर्जनामा लागेका मङ्गातीको स्थायी ठेगाना मोरङ, बेलबारी हो । बेलबारी साहित्य विकास समिति मोरङले प्रकाशनमा ल्याएको यो कृति लघुकथामा रुचि राख्नेहरुका लागि सङ्ग्रहणीय छ ।

# पुस्तक : कविताको लोकमा 'तिमी विनाको म'

**शिव मुखिया**

'उडिरहेको मनको अनन्त उडानमा
वसन्ती सुवासको सुगन्ध फैलिएजस्तो
मनमुग्ध पार्ने संगीतका रागहरु
बोकेर
प्रभातकालीन स्वर्णिम किरणका
ज्योत्सनाले
उज्यालिएको पूर्वजस्तो'.।'

यही सूरम्य शब्दहारसँगै तपाईं एउटा काव्यिक यात्रामा निस्कन सक्नुहुन्छ । यस्तो यात्रा जसले अक्षरहरुको सुनौलो लोकमा विचरण गराउनेछ । हरेक कुइनेटो र बिसौनीमा फरक स्वाद र सुगन्ध अनुभूत गर्नुहुनेछ । यसका लागि एउटा सर्त, तपाईंमा कवितासँग रमाउने गुण विद्यमान हुनुपर्छ ।

कविताहरुको यो आलोकमा तपाईंलाई स्वागत छ । यहाँ तपाईं भावनाका जलकुण्डहरुमा डुबुल्की मार्न सक्नुहुन्छ, विस्मयका पखेराहरुमा उक्लन सक्नुहुन्छ, उमंगका पिङमा मच्चिन सक्नुहुन्छ, प्रेमिल बतासमा बहकिन सक्नुहुन्छ । यान्त्रिक सञ्जालमा मदमस्त जेलिनुहुन्छ वा आत्मिक आनन्दमा स्वच्छन्द विलय हुनुहुन्छ, सबै छुट तपाईंसँग छ । किनभने यो लोकमा तपाईंलाई अनेकथरी भाव-अनुभूतिले स्पर्श गरिरहनेछ । यहाँ सयर गरिरहँदा तपाईंले आफ्नै भावनाका पत्रहरु उघार्दै गरेको अनुभूत गर्नुहुनेछ । प्रेमको, आशाको, सपनाको, चाहनाको, स्मृतिको, मौनताको, शून्यताको, अन्तर्मनको अनि आफ्नै जीवनको ।

'मान्छे समयलाई
समाउन चाहन्छ र
चाहन्छ भर्न त्यसमा
मन लागेको रङ
मान्छे युगलाई बाँध्न चाहन्छ
चाहन्छ कोर्न त्यसमा
मन लागेको अकृति..'

मनोहर शब्दलहरसँग लहरिंदै तपाईं जहाँ-जहाँ पुग्नुहुनेछ, प्रेम-हृदयको बेग्लै मिठास अनुभूत गर्नुहुनेछ । अनि त्यो 'अद्वितीय प्रेम'मा तपाईं लठ्ठिनुहुनेछ या त 'ओठले सुमसुम्याएका परेलाहरु'मा मदहोस हुनुहुनेछ । फेरि 'अदृश्य घाउ'ले तपाईंलाई बिथोल्न सक्नेछ या त 'शून्य शून्य सन्नाटा'ले वैराग्य भाव जगाउनेछ । प्रेम-अनुभूतिका तीतामीठा छालहरुले तपाईंलाई निथ्रुक्कै भिजाउनेछ । यद्यपि यो प्रेम लोक होइन । यहाँ जीवन दर्शनका गहिराइ र उचाइ पनि अनुभव गर्नुहुनेछ । घृणा र वियोगको आँधीबेहरी पनि झेल्नुहुनेछ ।

'..दोबाटोमा पुगेपछि
शायद बाटोले पनि
दिनेछ मौन स्वीकृति
तिमी जाने छौ,
म छुट्ने छु
तर तिम्रा यादहरु
सँगै रहने छन् !
..शायद अघिल्लो मोडमा
हामी छुट्ने छौं
यो निश्चितताापछिका
शेष दिनहरु
तिमी एक्लै, म एक्लै हुनेछौं ।'

यहाँको 'नदीकिनार'मा बसेर तपाईं अक्षरहरु सुसाएको सुन्नुहुनेछ, 'मौनता'को भाका महसुस गर्नुहुनेछ, अनि 'अनमोल पल' व्यतीत गर्नुहुनेछ । अर्थात् तपाईंले आफ्नो जीवनभोगाइका अनेक याम र आयामलाई अनुभूत गर्नुहुनेछ । यो स्वप्न लोकभित्र तपाईं कहिले 'स्मृतिको पहरा'मा छलाङ मार्न सक्नुहुन्छ कहिले 'बादल'सँगै बहकिन सक्नुहुन्छ । 'फूलको आग्रह' सहर्ष स्वीकार्दै 'प्रेमखेती'मा रमाउन सक्नुहुनेछ ।

यो मनमोहक लोकमा विचरण गरिरहँदा तपाईं आफैंभित्रको अर्को यात्रा पनि गर्नुहुनेछ । र, 'आफ्ना लागि' अन्तर्ध्यान हुनुहुनेछ ।

'..आऊ हामी केही पल
आफ्ना लागि बाँचौं
बाँचेका त थियौं यसरी
केवल
सास आफ्नै थियो
ढुकढुकी अरुको
सपना आफ्ना थिए
पर्खाल दुनियाँको'।'

आखिर तपाईंलाई जीवनको शाश्वत सत्यवोध हुनेछ र कताकता वैराग्य जाग्नेछ । अनि 'रंगहीन जीवन'ले कताकता समयको दासत्वमा बाँचिरहेको बोध गराउँछ ।

'मान्छे समयलाई
समाउन चाहन्छ र
चाहन्छ भर्न त्यसमा
मन लागेको रङ
मान्छे युगलाई बाँध्न चाहन्छ
चाहन्छ कोर्न त्यसमा
मन लागेको आकृति'।'

प्रेम अनि विरहको, प्रकृति अनि प्रविधिको, सपना अनि भ्रमको, आशा अनि विवशताको, जीवन अनि सन्नाटाको यो चक्लाबन्दीमा तपाईं कहिले उमंगको जग खन्नुहुनेछ त कहिले सत्यताको छानो हाल्नुहुनेछ । यसो भनौं, जीवन र जगतको अन्तर्यलाई बोध गर्दै एउटा काव्यिक शयर गर्नुहुनेछ । र, कविताहरुको लोकमा आफ्नो भावनाको बिस्कुन फिंजाउनुहुनेछ ।

कविता संग्रह हो, 'तिमीविनाको म' । साहित्यवृत्तमा आयामिक छवि बनाएका वसन्त चौधरीका हस्ताक्षर हुन्, यी सिर्जनाहरु । संग्रहमा ८५ थान कविता संग्रहित छन् । प्रकाशक हुन्, मेघा चौधरी । पुस्तकलाई रमण घिमिरेले सम्पादन गरेका हुन् भने उपसम्पादक रञ्जना निरौला छिन् । स्रष्टा चौधरीका यसअघि निबन्ध संग्रह, कविता संग्रह र उक्ति संग्रह प्रकाशित छन् ।

# राष्ट्रिय सुसेली मञ्च नेपालको नयाँ वर्ष २०७८ को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न


काठमाडौ । राष्ट्रिय सुसेली मञ्च नेपालले यही २०७८ चैत्र १९ गते शनिबार नयाँ वर्ष २०७८ को अवसरमा शुभकामना आदानप्रदान गर्दै चौबीसौं अनलाइन कार्यक्रम सम्पन्न गरेको छ ।

चैते दशै तथा नयाँ वर्षको शुभकामना लक्षित सुसेली गायन र वाचनको कार्यक्रम, सुसेली मञ्चका संस्थापक अध्यक्ष तथा सुसेली विधाका प्रवर्तक दुर्गा अधिकारी भमरकोटेको सभापतित्वमा भएको थियो भने कार्यक्रमको संचालन कवि साहित्यकार तथा सुसेली मञ्चका सचिव दामोदर ढकाल र कवि साहित्यकार, सुसेली विधाकी अभियन्ता तथा सुसेली मञ्च नेपलकी केन्द्रीय उपाध्यक्ष सुशीला ढकाल अधिकारी द्वयले गर्नु भएको थियो ।

नयाँ वर्षको शुभकामना विशेष सुसेली गायन र वाचन कार्यक्रममा उपस्थित १३ जना उत्कृष्ट सुसेली सर्जक कवि साहित्यकारहरूले त्रिपदीय नेपाली लोकलय, पुर्वीय, पश्चिमी, काँठे भाका, भजन र लोकभाका लगायत फरकफरक लयमा आउँदै गरेको नयाँ वर्ष २०७९ र चैते दशैको शुभकामना सहितका सुसेलीमा गायन र वाचन गर्दै आ-आफ्ना रचना प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा विशिष्ट अतिथि कलानिधी दाहालले उपस्थित हरेक कविहरूलाई एकएक गरि नयाँ वर्षको शुभकामना दिदै आफूले रचना गर्नुभएका १० वटा नयाँ वर्ष सम्बन्धि शुभकामना सुसेलीहरू लयमा गाएर सुनाउनुभयो ।

यसैगरी अर्का विशिष्ट अतिथि तिलकप्रसाद लुइँटेलले चैते दशै र नयाँ वर्षको विस्तृत बर्णन सहित यसको पौराणिकता र ऐतिहासिक महत्त्वका बारेमा व्याख्या गर्नुभएको थियो । उहाले आफ्ना १० वटा शुभकामना सुसेलीहरू प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सुसेलीलाई अत्यन्तै माया गर्दै मञ्चको स्थापना कालदेखि नै उत्कृष्ट सुसेलीहरू लेख्दै आउँनु भएका र हरेक विधामा कलम चलाउन सफल साहित्यकार तथा गीतकार उत्तम बिचार भेटुवाललाई विशेष सम्मान स्वरूप विशिष्ट अतिथिमा आसन ग्रहण गराइएको थियो । उहाँले सम्मान ग्रहण गरेर सुसेली मञ्चलाई धन्यवाद दिँदै १० वटा शुभकामना सुसेली गाएर सुनाउनुभयो । उक्त विशेष दिनमा तीनजना विशिष्ट अतिथि कविहरू कलानिधि दाहाल, वेद ज्ञाता तिलकप्रसाद लुइँटेल र उत्तम बिचार भेटुवाल सहित १३ जना अतिथि कवि साहित्यकार हरूलाई कार्यक्रममा स्वागत गर्दै सुन्दर शुभकामना सुसेलीहरू सुन्ने र सुनाउने अवसर पाएकोमा अत्यन्तै हर्ष लागेको र थोरै संख्यामा कविहरूको उपस्थिति हुँदा पनि कार्यक्रम भव्य र सभ्य हुँनुका साथै कविहरूले आफ्ना उत्कृष्ट सुसेली सिर्जनाहरू सहज तवरमा सुनाउने अवसर पाउँनु भयो र नयाँ वर्ष प्रति समर्पित सुसेली गायन अत्यन्तै मन छुने हुनुका साथै उत्कृष्ट सुसेलीहरू प्रस्तुत गर्नुहुने सबै कविहरूमा धन्यवाद सहित आभार प्रकट गर्दै सभापति भमरकोटेले कार्यक्रमलाई भव्य तथा सभ्य तवरमा सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै शुभकामना सुसेली गाउँदै कार्यक्रमको समापन गर्नुभएको थियो । नयाँ वर्षको शुभकामना आदानप्रदान विशेष कार्यक्रममा सुसेली वाचन गायनमा सरिक सहभागी अतिथि कवि साहित्यकारहरू निम्न अनुसार हुनुहुन्छ । कवि सुरेशचन्द्र घिमिरे, उर्मिला पन्त, घनश्याम पौडेल, लक्ष्मीप्रसाद मिश्र, वासुदेव ठकुरी, अम्बिका अधिकारी र कृष्ण केसी ।




# हल्दीबारी गाउँपालिका अध्यक्ष लिङ्देनले फिर्ता गरे सरकारी गाडी

काठमाडौं । झापाको हल्दीबारी गाउँपालिका अध्यक्ष रविन्द्र लिङ्देनले सरकारी गाडी फिर्ता गरेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट निर्वाचित उनले नजिकिँदै गरेको चुनावलाई मध्यनजर गर्दै गाडी फिर्ता गरेका हुन् । सरकारी सवारीसाधन र जनताले तिरेको कुरको दुरुपयोग नहोस् भनेर सरकारी गाडी फिर्ता गरेको उनले बताए । उनी राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनका भाइ हुन् । उनी पुनः गाउँपालिका अध्यक्षमा लड्ने तयारी गरेका छन् ।

चुनावको मुखमा सरकारी सवारी साधन र जनताले तिरेको करको दुरुपयोग नहोस् भनेर आफूले प्रयोग गर्दै आएको सरकारी सवारी साधन फिर्ता गर्ने निर्णय गरेको अध्यक्ष लिङदेनले जानकारी दिनुभयो । उहाँले निर्वाचन आउनु एक महिना अघिनै सरकारी सवारी साधन प्रयोग नगर्दा इन्धनको पनि बचत हुने र त्यसले सरकारलाई फाइदा पुग्ने समेत बताउनु भयो । सबै जनप्रतिनिधिले निर्वाचन आउनु अघि सरकारी साधन प्रयोग नगरेको खण्डमा राष्ट्रको करोडौं रुपैयाँको इन्धन जोगिने अध्यक्ष लिङदेनको भनाई छ । अरु जनप्रतिनिधिले पनि यसलाई आत्मसाथ गरुन भनेर आफूले सवारी साधन फिर्ता गरेर त्यसको शुरुवात गरेको उहाँले बताउनु भयो । "पार्टीको काममा गाउँ गाउँ जानु पर्ने हुन्छ त्यसमा सरकारी सवारी साधन प्रयोग गर्दा धेरै तेल खर्च हुन्छ त्यसकारण मैले सरकारी सम्पत्ति दुरुपयोग नहोस भनेर गाडी फिर्ताको निर्णय

बाँकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


# हिरोको ३ नयाँ मोटरसाइकल नेपालमा सार्वजनिक, यस्तो छ मूल्य

काठमाडौं । हिरो मोटरसाइकलको लागि नेपालको आधिकारिक विक्रेता कम्पनी एनजीएम हिरोले एकै पटक तीन नयाँ मोटरसाइकल सार्वजनिक गरेको छ । कम्पनीले आज एक कार्यक्रमका बीच तीन मोटरसाइकल तथा स्कुटरको बीएस ६ भर्सन सार्वजनिक गरेको हो ।

एनजीएम हिरोले भक्तपुरको सल्लाघारीमा उक्त तीन मोडलका स्कुटर तथा मोटरसाइकल सार्वजनिक गरेको हो । कम्पनीले एक्सपल्स २०० फोर भी, ग्ल्यामर एक्सटेक र मजेष्टो एज १२५ सार्वजनिक गरेको हो । यी तीनै मोटरसाइकल बीएस ६ इन्जिनमा रहेको छ ।




हिरो एक्सपल्स २०० फोर भीको बारेमा बुझ्न यहाँ क्लिक गर्नुहोस् ।

४ लाख ५० हजार मूल्य तोकेर विक्री सुरु भयो 'एक्सपल्स २०० फोर भी' ४ लाख ५० हजार मूल्य तोकेर

कम्पनीले हिरो ग्ल्यामर १२५ को बीएस ६ भर्सनमा सार्वजनिक गरेको छ । कम्पनीले बीएस ६ ग्ल्यामरमा स्मार्ट कनेक्ट फिचरसमेत दिएको छ । ग्ल्यामरमा साइड स्ट्याण्ड इन्जिन कट, ब्लुटुथ केनेक्ट फिचर, मोवाइल चार्जर, नेभिगेशन जस्ता फिचर पाउन सकिन्छ ।

यो मोटरसाइकलमा १२४.७ सीसी सिंगल सिलिन्डर एयर कुल्ड इन्जिन रहेको छ । यो इन्जिनले १०.७ बीएच पावर तथा १०.४ एनएम टर्क जेनेरेट गर्छ । यसमा ५ स्पीडको गियर उपलब्ध छ । यो मोटरसाइकलको मूल्य २ लाख ७६ हजार रुपैयाँ निर्धारण गरेर कम्पनीले विक्री सुरु गरेको हो ।

त्यस्तै कम्पनीले बीएस ६ इन्जिनमा मेष्ट्रो एज १२५ मा समेत कनेक्ट फिचर थप गरेर सार्वजनिक गरेको हो ।


मेष्ट्रो एज १२५ मा डिजिटल स्पीडोमिटर, प्रोजेक्टर एलइडी हेडल्याम्प, ब्लुटुथ केनेक्टीभिटी, साइड स्ट्याण्ड सेन्सर जस्ता फिचर पाउन सकिन्छ ।

यो स्कुटरमा १२४.६ सीसी सिंगल सिलिन्डर इन्जिन रहेको छ । यो इन्जिलने ९ हर्सपावर तथा १०.४ एनएम टर्क जेनेरेट गर्छ ।

कम्पनीले यो स्कुटरको मूल्य २ लाख ६६ हजार रुपैयाँ मूल्य निर्धारण गरेर विक्री सुरु गरेको छ ।

# यामाहाले ल्यायो नयाँ वर्षमा २० लाख रुपैयाँसम्म जित्ने अफर

काठमाडौं । नेपालका लागि यामाहा मोटर कम्पनीको एक मात्र आधिकारिक वितरक एमएडब्ल्यू इन्टरप्राइजेजले नयाँ वर्ष २०७९ लाई लक्षित गर्दै २० लाख रुपैयाँसम्म जित्ने अफर ल्याएको छ । नयाँ वर्षलाई लक्षित गरी ग्राहकहरुका लागि '२०७९ ह १००० गुणाले खुसी बढाउँनुहोस्' नामको अफर सार्वजनिक गरेको कम्पनीले जनाएको छ ।




कम्पनीका अनुसार यस योजनाअन्तर्गत ग्राहकले यामाहाका कुनैपनि सवारी साधन खरिद गर्दा स्योरसट २०७९×४= ८ हजार ३१६ देखि २०७९×१००=२ लाख ७ हजार ९०० रुपैयाँसम्म नगद पुरस्कार जित्न सक्नेछन् । त्यस्तै बम्पर पुरस्कारमा एकजना भाग्यशाली ग्राहकले २०७९×१०००=२० लाख ७९ हजार रुपैयाँ जित्न सक्नेछन् ।

यामाहाका बाइक/स्कुटर लिन इच्छुक ग्राहकहरू यामाहाको अधिकारिक शोरूमबाट खरिदपश्चात यस अफरमा भाग लिन पाउनेछन् । कम्पनीका अनुसार ग्राहकहरू यामाहाको आधिकारिक वेबसाइटबाट दैनिक रूपमा खेलाउने डिजिटल ज्याकपटमा सहभागी भई उल्लेखित नगद उपहार जित्न सक्नेछन् ।

यामाहा नेपालका कार्यकारी निर्देशक राजु क्षेत्रीले ग्राहकहरूको सन्तुष्टि नै कम्पनीको खुसी भएको भन्दै सम्भवत: नेपालका लागि पहिलो र अहिलेसम्मकै ठूलो उपहार भएको दाबी गरे । यस अफर ६ चैतदेखि सुरु भएको र जेठ पहिलो हप्तासम्म चल्ने छ ।

# मूल्य बढ्दा पनि ३ लाखमा एबीएस भएको मोटरसाइकल

काठमाडौं । एबीएस भएको सबैभन्दा सस्तो मोटरसाइकलको मूल्य वृद्धि भएको छ । हिरो हंक १५० आरको



मूल्य २० हजार रुपैयाँले वृद्धि भएर ३ लाख १ हजार पुगेको हो । १५० सीसी सेग्मेन्टमा एबीएस फिचर भएको हिरो हंक सबैभन्दा कम मूल्यको मोटरसाइकल थियो । यसअघि कम्पनीले २ लाख ८१ हजार रुपैयाँ मूल्य कायम गरेर हिरो हङ्क १५० आर विक्री गर्दै आएको थियो ।

हिरो हङ्क १५० आरमा १४८ सीसी सिंगल सिलिन्डर एयरकुल्ड इन्जिन रहेको छ । यो इन्जिनले अधिकतम ८५०० आरपीएममा १४.१४ बीएच पावर र ६५०० आरपीएममा १२.६ एनएम टर्क जेनेरेट गर्छ । यसमा सेमिडिजिटल कन्सोल, डबल डिस्क ब्रेक, १६ इन्च अलोय ह्वील जस्ता फिचर रहेको छ । यो मोटरसाइकलले बजाज पल्सर १५०, आरटीआर १६० टु भी, होन्डा युनिर्कन जस्ता मोटरसाइकलसँग प्रतिस्पर्धा गर्नेछ ।

# १५ वर्षमा फेरिएको एमजी, ८०० किमि रेन्जसहित 'साइबरस्टर'

काठमाडौं । मोरिस ग्यारेज (एमजी) आक्रमक बजार विस्तारको रणनीति सहित काम गरिरहेको कम्पनी



हो । बेलायती ब्राण्डलाई चिनियाँ कम्पनी एसएआइसी ग्रुपले खरिद गरेसँगै नयाँ नयाँ मोडल बजारमा ल्याएर एमजीले आक्रमक बजार विस्तार गरिरहेको छ । विशेषत जेडएस इभीको विक्रीबाट हौसिएको एमजीले नयाँ मोडल एमजी फोर आगामी महिना सार्वजनिक गर्ने तयारी गरिरहेको छ । कम्पनीले एमजी फोरपछि एमजी 'साइबरस्टर' इलेक्ट्रीक कार बजारमा ल्याउने अनुमान गरिएको छ । एमजीले अघिल्लो वर्ष आयोजना भएको संघाई मोटर शोमा साइबरस्टरको कन्सेप्ट सार्वजनिक गरेको थियो । अब यही महिना चीनको बेजिङमा आयोजना हुने मोटर शोमा यसको थप परिस्कृत डिजाइन प्रदर्शनी हुने अनुमान गरिएको छ । 'बेस्पोक इभी आर्किटेक्चर'मा तयार भएको साइबरस्टर मोडलले एक पटकको फुल चार्जमा ८०० किलोमिटर रेन्ज दिने कम्पनीले जनाएको छ । यसले सून्यदेखि १०० किलोमिटरको स्पीड केबल ३ सेकेन्डमा भेट्टाउने छ । स्पोर्टस् कारको रुपमा बजारमा आउने साइबरस्टर ठूलो कमर्शियल योजना सहित बजारमा आउने विषयमा भने शंका गर्ने ठाँउ छ । यद्यपि एमजीले आफ्नो क्षमता र ब्राण्डको मूल्य बढाउन नयाँ खोज र अन्भेषण भने जारी राख्ने देखिन्छ । सन् २००७ बाट चिनियाँ कम्पनी एसएआइसीले उत्पादन सुरु गरेको एमजीका कार अहिले चीनमा वार्षिक ५ लाख हाराहारी यूनिट विक्री हुन थालेका छन् । सन् २०२१ मा चीन बाहेकको देशमा करिब १ लाख ५० हजार यूनिट हाराहारी गाडी विक्री भएको थियो । चीनपछि एमजीको सबैभन्दा ठूलो बजार भारत, बेलायत, थाइल्याण्ड जस्ता राइट ह्याण्ड ड्राइभ सिस्टम भएका देश हुन् । यूरोपका करिब दुई दर्जन देशमा एमजी प्रबेश गरिसकेको छ । सन् २००७ मा ३ हजार १३१ यूनिटबाट सुरु भएको एमजीको यात्रा अहिले वार्षिक करिब ७ लाख युनिटमा पुगेको हो । सन् २०१७ बाट मात्रै एमजीले वार्षिक एक लाख यूनिटको विक्री आँकडा भेट्टाएको थियो ।

## सामाजिक सञ्जातलको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नुु अघि अनुमति लिऔं ।
- अपरिचित ब्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ ।
- सामाजिक सञ्जा्लमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा ब्यवहार सामाजिक सञ्जालमा नगरौ ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस